सहिदभूमि गाउँपालिका

# वार्षिक बजेट, नीति तथा कार्यक्रम

(Annual Budget Policy and Program)

## आर्थिक वर्ष २०८१/०८२




## सहिदभूमि गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा, कोशी प्रदेश, नेपाल

सहिदभूमि गाउँपालिका

# वार्षिक बजेट, नीति तथा कार्यक्रम

## (Annual Budget Policy and Program)

आर्थिक वर्ष २०८१/०८२

सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा, कोशी प्रदेश, नेपाल

## पञ्चकन्या सहिद पार्क



प्रकाशक : सहिदभूमि गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा
सर्वाधिकार : सहिदभूमि गाउँ कार्यापालिकाको कार्यालयमा सुरक्षित

सम्पर्क ठेगाना : : सहिदभूमि गाउँ कार्यपालिकाको कार्यालय,
पिप्ले, धनकुटा, कोशी प्रदेश, नेपाल

ईमेल : sahidbhumirural@gmail.com

वेभसाईट : www.sahidbhumimun.gov.np




सहिदभूमिको त्रिवेणी दोभान, खुवालुङ क्षेत्र (१४८ मि.)



पाताल सहिद स्मारक पार्क

# सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**पिप्ले, धनकुटा**
**कोशी प्रदेश, नेपाल**



च.नं. :
प.सं. :

## मन्तव्य

नेपालको संविधानले राज्यशक्तिको संरचना तीन तहमा बाँडफाँड गरेको छ । संविधान तथा कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूले नेपालको राज्यशक्तिको प्रयोग गर्न सक्ने गरी प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्यभित्रका विभिन्न स्थानीय तहहरूमध्ये सहिदभूमि गाउँपालिका पनि एक हो । यो गाउँपालिका धनकुटा जिल्लाको दक्षिण-पश्चिम दिशामा रहेको भौगोलिक, प्राकृतिक र सांस्कृतिक हिसावले अत्यन्तै रमणीय र पर्यटकीय स्थलका रूपमा रहेको छ ।
९९.५५ बर्ग कि.मि. क्षेत्रफल रहेको सहिदभूमि गाउँपालिका मार्गा पोखरी देखि उत्तरतर्फ कटुजे खोला हुँदै नकुवा खोला भएर मुगा खोलाबाट अरूण नदीसम्म र दक्षिणतर्फ मार्गा र सहिदगेटबाट अँधेरीखोला हुँदै फोसुवा खोला भएर तमोर नदीसम्म रहेको तथा अरूण र तमोर नदीलाई सीमाना बनाएर त्रिवेणी दोभानको खुवालुङ क्षेत्रसम्म फैलिएको छ । यो गाउँपालिकाको सबैभन्दा होचो भू-भाग समुद्री सतहदेखि करिव १४८ मिटरको उचाईमा रहेको त्रिवेणी दोभानको खुवालुङ क्षेत्र हो भने सवैभन्दा अग्लो भू-भाग १६६१ मिटर उचाईमा रहेको घुमाउने(नाउवारिखा डाँडा हो । राई जातिको सघन बसोबास रहेको यो गाउँपालिकामा राई लगायत अन्य जातिका मौलिक सँस्कार, सँस्कृति, रीतिरिवाज, मूल्यमान्यता तथा भाषिक विविधता समेत रहेको छ ।
लोकतन्त्र प्राप्तिका लागि राजनैतिक आन्दोलनमा सहभागी हुँदा तत्कालीन निरङ्कुश पन्चायती व्यवस्थाद्वारा निर्ममतापूर्वक हत्या गरिएका १६(सोह्र) जना र त्यसपछिका आन्दोलनमा सहादत प्राप्त ४ (चार) जना सहिदहरूको भूमिका रूपमा रहेको यो गाउँपालिका साविकका आँखिसल्ला, खोकु र छिन्ताङ मिलेर बनेकाले राजनीतिक रूपमा समेत इतिहास कायम गरेको गाउँपालिकाका रूपमा परिचित छ । मुलुक संघीय संरचनामा रूपान्तरण भए पश्चात स्थानीय तहको दोस्रो निर्वाचनबाट जनप्रतिनिधिका रूपमा निर्वाचित भएको दोस्रो बर्षमा सहिदभूमि गाउँपालिकाको तेस्रो गाउँसभाको तेस्रो अधिवेशन सम्पन्न भएको छ ।

आ.व. २०८१/०८२ को वजेट नीति तथा कार्यक्रमले संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान एवम् गाउँपालिकाको आन्तरिक स्रोत समेतलाई यकिन गरी आवश्यकता आधारमा न्यायोचित ढंगले प्राथमिकताका आधारमा विनियोजना गरेको छ । बजेट, नीति तथा कार्यक्रम निर्माणको प्रमुख आधारका रूपमा बस्ती, टोल हुँदै वडासभामार्फत छनौट भई आएका आयोजना तथा कार्यक्रमहरूलाई मानिएको छ । सीमित स्रोतसाधनका बीच बजेट व्यवस्थापन र नीति तथा कार्यक्रम निर्माण गरी सामाजिक न्यायका आधारमा समुचित र सन्तुलित विकास तथा समृद्धि कायम गर्नु प्रमुख चुनौतीको रूपमा रहेको छ। यद्यपि बजेट विनियोजनलाई सन्तुलित वितरण गरी विकास निर्माण र समृद्धिका लागी यथोचित प्रयत्न गरिएको छ ।
नेपाल सरकारको राष्ट्रिय आकांक्षाको रूपमा रहेको "समृद्ध नेपाल : सुखी नेपाली " भन्ने मुल नारालाई सार्थक तुल्याउन तथा यस गाउँपालिकाको शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, सिचाईं, सडक, खानेपानी, विद्युत लगायत क्षेत्रको पूर्वाधार विकासमार्फत सम्मुनत एवम् समृद्ध गाउँपालिका निर्माण गर्नका लागि सहिदभूमि गाउँपालिका धनकुटाद्वारा " सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि " भन्ने नारा राखेर बजेट, नीति तथा कार्यक्रममार्फत सम्बोधन गरी कार्यान्वयन गर्ने मुख्य उदेश्य लिइएको छ । सहिदभूमि गाउँपालिकाको विकास र समृद्धिका लागि कृषि उत्पादन तथा बजारीकरणमा जोड दिने, मानव संशाधनको विकास गर्ने र गाउँपालिकामा भएका सबै प्रकारको असमानता र विभेदहरूको अन्त्य गर्दै न्यायपूर्ण समतामुलक समावेशी समाजको निर्माण गर्ने लक्ष्य लिइएको छ ।
आ.व. २०८१/८२ को बजेट नीति तथा कार्यक्रम तय गर्ने सन्दर्भमा हामीलाई विभिन्न माध्यमबाट अमुल्य राय, सल्लाह, सुझाव प्रदान गर्नहुने सम्पूर्ण राजनीतिक दल, नागारिक समाज, व्यवसायी, बुद्धिजीवी, समाजसेवी, सरोकारवाला संघसंस्था लगायत सम्पूर्ण गाउँपालिकाबासी गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनमा समेत यहाहरूको सार्थक सहयोग, सहकार्य र साझेदारीको अपेक्षा गर्दछु ।

धन्यवाद !!!

**मनोज राई**
**अध्यक्ष**
**सहिदभूमि गाउँपालिका, धनकुटा**

# सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा
कोशी प्रदेश, नेपाल

च.नं. :
प.सं. :



## शब्द शुभेच्छा

सहिदभूमि गाउँपालिकाले दोस्रो गाउँसभाको तेस्रो अधिवेशन सम्पन गर्ने क्रममा विभिन्न चरणका सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी आ.ब. ०८१।८२ को गाउँपालिकाको नीति तथा कार्यक्रम मिति २०८१/०२/२५ गते र बार्षिक बजेट मिति २०८१।०३।१३ गते सर्वसहमत रूपमा पारित भएका छन् ।

चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू तथा सविधानका अनुसूची ८ र ५ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यवस्था, पन्द्रौ राष्ट्रिय योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फबाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरू, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन बजेट सिलिङ तथा राजश्व परामर्श समितिबाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जनचाहानालाइ समेटने प्रयास गरेका छौ ।

गाउँपालिकाको दीर्घकालिन विकासको सोचलाई साकार पारी जनताको मुहारमा खुसी ल्याउने हाम्रो प्रयासमा साथ र सहयोग गर्नुहुन स्थानीय तहका सबै जिम्मेवार राजनीतिक दल, सामाजिक संघ संस्था, प्रतिष्ठित व्यक्ति, शिक्षक, बुद्धिजीवी, कर्मचारी तथा सरोकारवाला सम्पूर्ण पक्षसमक्ष निरन्तर गुणात्मक सहयोगको अपेक्षा गर्दछु । साथै स्वीकृत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आ–आ□नो क्षेत्रबाट भरपुर सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !!!

रत्नश्वरी राई
उपाध्यक्ष
सहिदभूमि गाउँपालिका, धनकुटा

# सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**पिप्ले, धनकुटा**
**कोशी प्रदेश, नेपाल**



च.नं. :
प.सं. :

## शुभकामना सन्देश

जनताको विकास प्रतिको उत्कट आकांक्षा, स्थानीय आवश्यकता र श्रोतको सीमितता बीच सामञ्जस्यता कायम गर्दै गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहको स्तरलाई जनमैत्री र प्रभावकारी तुल्याउन सहिदभूमि गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्याक्रम र वार्षिक वजेट गाउँसभाबाट पारित भएको छ ।
नेपालको संविधानले स्थानीय सरकारलाई वलियो र जनताको नजिकको सरकारको रूपमा स्थापित गरेको गरेको छ । स्थानीय तह भठन भए पश्चात स्थानीय तहबाट सम्पन्न भएका विकास निर्माणका कार्य र जनचहाना अनुरूपको सेवा प्रवाहले यो कुरालाई पुष्टी गर्दै लगेका छन्। विकास एक अविच्छिन्न प्रकृया हो, यो निरन्तर चलिनै रहन्छ । हाम्रो विकासका कृयाकलापहरूले हाम्रा सेखा पछिका पिढीहरूलाई समेत कुनै असर गर्नु हुदैन भन्ने दिगो विकासको मान्यता रहेको छ । विकासले केवल बाटोघाटो, पुर पुलेसा, भवनजस्ता भैतिक पुर्वधार निर्माणलाई मात्रै ईंगित गर्दैन बरू विकास प्रकृयालाई वृहत अवधारणाबाट बुझ्नुपर्नेहुन्छ । समग्र विकासले भैतिक प्रगति मात्र नभएर विकासको सामाजिक पाटो जस्तै शिक्षा, स्वास्थ, गुणस्तरी जीवन, दीगोपन, जलवायु अनुकुलित विकास, समावेशीकरण एवं लैंगिक शसक्तीकरण जस्ता अन्तरस्बन्धित विषयहरू पनि समेट्दछ ।
यस गाउँपालिकाको आ.व. २०८१/८२ को बजेटले दिगो विकास र सन्तुलित विकासको अवधारणालाई समेत आत्मसाथ गर्दै भैतिक विकास, आर्थिक विकास, सामाजिक विकास, पर्यावरीण सन्तुलन, संस्थागत सवलीकरण, समावेशीकरण र शसक्तीकरण जस्ता विषयहरूसमेतलाई आत्मसाथ गरी वजेट निर्माण गरिएको छ ।

संघीय सरकार र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने समानिकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानलाई गाउँ विकास योजनाले तय गरेको क्षेत्रमा लागू गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीका स्रोतको पहिचान, करको दायरा विस्तार र करका दरहरूको पुनरावलोकन गर्ने गाउँपालिकाले राखेको उदेश्यलाई पुरा गर्ने सन्दर्भमा कर्मचारीका तर्फबाट प्रतिवद्धता जनाउन चाहन्छु ।
सहिदभूमि गाउँपालिकाको यस गाउँसभा सम्पन्न गर्न सक्रियतापूर्वक लाग्नु हुने अध्यक्षज्यू तथा उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरू विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू तथा अहोरात्र खट्ने कर्मचारी साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।
गाउँसभाबाट पारित प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा पनि सबै पदाधिकारी, कर्मचारी एवं सम्पूर्ण गाउँवासीहरूको सकृय सहयोग रहने विश्वासका साथ स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनसँगै समृद्ध गाउँपालिका निर्माणमा सवैको साथ, सहयोग र सुझाव मिल्ने अपेक्षा लिएको छु ।

धन्यवाद !!!

**नविन कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**
**सहिदभूमि गाउँपालिका, धनकुटा**

# सहिदभूमि गाउँ कार्यपालिकाको प्रमुख, उपप्रमुख तथा प्र.प्र.अ.



**मनोज राई**
अध्यक्ष



**रत्नश्वरी राई**
उपाध्यक्ष



**नविन कार्की**
प्रमुख प्रशासकीय अधिकृत

# सहिदभूमि गाउँपालिकाका वडा अध्यक्षहरु



रमेश कुमार राई
अध्यक्ष वार्ड नं.-१
९८४२२२०६६१



खगेन्द्र राई
अध्यक्ष वार्ड नं.-२
९८४२०६२४४८



होमनाथ राई
अध्यक्ष वार्ड नं.-३
९८०७००६१६१



भिम बहादुर राई
अध्यक्ष वार्ड नं.-४
९८४२०७०८५७



सन्तोष राई
अध्यक्ष वार्ड नं.-५
९८६२१८१९२



हेम कुमार राई
अध्यक्ष वार्ड नं.-६
९८५२०८०१०६



बम बहादुर राई
अध्यक्ष वार्ड नं.-७
९८५२०६११५१

# सहिदभूमि गाउँपालिकाका कार्यापालिका सदस्यहरु



बालिका वि.क.
कार्यपालिका सदस्य
९८२०३९६९९०



विनिता राई
कार्यपालिका सदस्य
९८६२०५१०३७



दिवानी राई
कार्यपालिका सदस्य
९८६१६१६५९५



मधु भण्डारी
कार्यपालिका सदस्य
९८१४३२७३८४



प्रकाश राई
कार्यपालिका सदस्य
९८१५३६७७७८

# सहिदभूमि गाउँपालिकाका गाउँसभा सदस्यहरू



देवल कुमार राई
सदस्य वार्ड नं.-१
९८००९९८४५५



बाबुराम राई
सदस्य वार्ड नं.-१
९८४२२१५५५६



सरिता राई
सदस्य वार्ड नं.-१
९८४०११६९८३



राधिका गुरुङ दुलाल
सदस्य वार्ड नं.-१
९८४८६९०३८०



सोम बहादुर मगर
सदस्य वार्ड नं.-२
९८६३६८२३७८



निवास राई
सदस्य वार्ड नं.-२
९८४२०४९०४१



कोपिला राई
सदस्य वार्ड नं.-२
९८१४३६०४५६



मिना परियार
सदस्य वार्ड नं.-२
९८६२११२०२१



केन्द्र बहादुर राई
सदस्य वार्ड नं.-३
९८२९३९४०९८



सुरेन्द्र कुमार राई
सदस्य वार्ड नं.-३
९८००९०४९६४



गंगा राई
सदस्य वार्ड नं.-३
९८२४३९२२०२



लाल बहादुर राई
सदस्य वार्ड नं.-४
९८४२११७००५



सिता शंकर वि.क.
सदस्य वार्ड नं.-४
९८०४३९५४९४



विनोद राई
सदस्य वार्ड नं.-४
९८४२४७६२०३



सफल राई
सदस्य वार्ड नं.-५
९८२३०१८११८



मोहन राई
सदस्य वार्ड नं.-५
९८१९३२६८७३



पिंकी राई
सदस्य वार्ड नं.-५
९८६२२२३१८७



देउ कुमारी वि.क.
सदस्य वार्ड नं.-५
९८०७३४०१८३



चन्द्र बहादुर विष्ट
सदस्य वार्ड नं.-६
९८५२०५०९४६



सन्त कुमार राई
सदस्य वार्ड नं.-६
९८६०७३५११६



फूल कुमारी वि.क.
सदस्य वार्ड नं.-६
९७४९९२४३३४



लिला राम राई
सदस्य वार्ड नं.-७
९८१३०५९१७६



वृत्तलाल राई
सदस्य वार्ड नं.-७
९८२९३३९१९९



फूलसरी वि.क.
सदस्य वार्ड नं.-७
९८१९००११९१

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | सहिदभूमिको परिचय | १ |
| २. | गाउँपालकिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम | ५ |
| ३. | आ.व.२०८१/०८२ को बजेट वक्तब्य | २७ |
| ४. | सहिदभूमि गाउँपालिकाको आर्थिक ऐन-२०८१ | ४०-६३ |
| ५. | सहिदभूमिको गाउँपालिकाको विनियोजन ऐन-२०८१ | ६४ |
| ६. | आय/व्यय प्रक्षेपन (अनुसूची-१) | ६६-७० |
| ७. | क्षेत्रगत व्यय अनुमान | ७१ |
| ८. | चालु खर्च तर्फको विनियोजन | ७४ |
| ९. | पालिका तर्फको विनियोजन (भवन,खानेपानी, सडक,खेलकुद पुर्वाधार, संस्कृति/पर्यटन) | ७६-९७ |
| १०. | विषयगत शाखा तर्फको विनियोजन (शिक्षा, स्वास्थ्य, पशु, कृषि, महिला वालवालीका, सहकारी, आयुर्वेद, रोजगार) | ८२-९७ |
| ११. | आ.व.२०८०/८१ का अल्या योजनाहरुको विवरण | ९८ |
| १२. | संघीय सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरण आ.व.२०८१/८२ | ९९ |
| १३. | प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण आ.व.२०८१/८२ | १०८ |
| १४. | वडा कार्यालय तर्फको विनियोजन | ११०-११९ |
| १५. | सहिदभूमिमा आ.व. २०८१/०८२ मा संघीय र प्रदेश सरकारबाट सञ्चालन कार्यन्वयन हुने योजनाहरुको विवरण | १२० |
| १६. | गाउँसभाका निर्णयहरु | १२३-१३५ |
| १७. | जनप्रतिनिधिहरुको विवरण-२०८१ | १३६ |
| १८. | कार्मचारीहरुको विवरण-२०८१ | १३७ |

# सहिदभूमि गाउँपालिकाको सामान्य परिचय :

## १.१ पृष्ठभूमि

नेपाल सरकारले मिति २०७३ फाल्गुण २७ गते गरेको स्थानीयतहहरुको घोषणामा साविक छिन्ताङ, खोकु र आँखिसल्ला गाविसहरुलाई समेटेर यस खाल्सा छिन्ताङ सहीदभूमि गाउँपालिकाको स्थापना भएको हो जसमा ७ वटा वडा संख्या कायम भएको छ । जननिर्वाचित प्रतिनिधिहरुको प्रथम गाउँसभाले यस गाउँपालिकाको नाम संशोधन गर्ने सिफारिस गरे बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्णय अनुसार मिति २०७४/०९/२४ गते नेपाल राजपत्रमा "सहिदभूमि"नाममा प्रकाशन भए पछि सोहीनाम कायम भएको छ । ९९.५५ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाविसको जनसंख्या २०७८ सालको जनगणना अनुसार १७७६७ जना रहेको छ । हाल यसको केन्द्र साविक खोकु गाविसको पिप्लेलाई तोकिएको छ । अरुण र तमोर नदी तथा मार्गा पोखरीले घेरिएको यस गाउँपालिकाको पूर्वमा धनकुटा न.पा., पश्चिममा उदयपुर, सुनसरी र भोजपुर जिल्ला, उत्तरमा पाखीवास न.पा. र दक्षिणमा साँगुरीगढी गाउँपालिका रहेको छ । उत्तरबाट क्रमशः दक्षिणतर्फ ढल्केको यो गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ । गाउँपालिकाका अधिकांश भूभाग दक्षिणी कोणमा ढल्केका छन् । यसकारण यस गाउँपालिकाका प्रायजसो सबै स्थानमा बस्ती विकास भएका छन् । यसका धेरै स्थानमा खेतीयोग्य जमीनहरु छन् । पहाडी भू-भाग भएकाले यहाँ धान भन्दा अन्य बालीहरु जस्तै गहुँ, मकै, कोदो बढी उत्पादन हुने गर्दछन् । यसैगरी मौसम अनुसारका तरकारी, फलफुल, तेलहन र दलहन उत्पादन हुने गर्दछन् ।

## १.२ अवस्थित

अरुण र तमोर तथा मार्गा पोखरीले घेरिएको यस गाउँपालिकाको पूर्वमा धनकुटा नगरपालिका, पश्चिममा उदयपुर, सुनसरी र भोजपुर जिल्ला, उत्तरमा पाखिबास नगरपालिका र दक्षिणमा साँगुरीगढी गाउँपालिका रहेको छ । गाउँपालिका निर्माणका क्रममा साविकको छिन्ताङ ८ र ९ लाई वडा नं १, छिन्ताङ ५, ६ र ७ लाई वडा नं २, छिन्ताङ १, २, ३ र ४ लाई वडा नं ३, खोकु १ देखि ५ लाई वडा नं ४, खोकु ६ देखि ९ लाई वडा नं ५, आँखीसल्ला ३ देखि ८ लाई वडा नं ६ र आँखीसल्ला १, २ र ९ लाई वडा नं ७ बनाइएको हो । यसरि यी तीनवटा ग.वि.स.लाई मिलाएर सहिदभूमि गाउँपालिका बनाइएको हो । यसरी यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन ।

## १.३ सिमाना

अरुण र तमोर तथा मार्गा पोखरीले घेरिएको यस गाउँपालिकाको पूर्वमा धनकुटा नगरपालिका, पश्चिममा उदयपुर, सुनसरी र भोजपुर जिल्ला, उत्तरमा पाखिबास नगरपालिका र दक्षिणमा साँगुरीगढी गाउँपालिका रहेको छ ।

## १.४ क्षेत्रफल

सहिदभूमि गाउँपालिकाको क्षेत्रफल ९९.५५ वर्ग किलोमिटर रहेको छ । यसको धेरै भूभाग पहाड, भिर र पखाले ढाकेको छ । यसको पूर्वतिर रहेको घुमाउने (नाउवारिखा) डाँडा यसको सबैभन्दा अग्लो पहाड हो ।

जसको उचाई समुन्द्र सतहदेखि करिब १६६१ मिटर रहेको छ भने सबैभन्दा होचो भूभाग त्रिवेणीको खुवालुङ्ग रहेको छ, जसको उचाई समुद्र सतहदेखि १४८ मिटर रहेको छ ।

### १.५ वडा विभाजन

| वडा नं | समावेस भएका साविकका गाविसहरु | साविकका वडा नं | हालको वडा केन्द्र |
|---|---|---|---|
| १ | छिन्ताङ | ८,९ | |
| २ | छिन्ताङ | ५,६,७, | साम्बुगाउँ |
| ३ | छिन्ताङ | १,२,३,४ | पन्चकन्य बजार |
| ४ | खोकु | १-५ | साततले |
| ५ | खोकु | ६-९ | चारठाँटी |
| ६ | आँखीसल्ला | ३,८ | थलथले बजार |
| ७ | आँखीसल्ला | १,२,९ | चाम्चा |

श्रोत -:गाउँपालिका ,स्थानीय तहको सिमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र ,२०७३

### १.६ सहिदभूमि गाउँपालिकाको जम्मा घरधुरी तथा जम्मा जनसंख्याको विवरण

| जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| ४०९० | १७,७६७ | ८,७७७ | ८,९९० |

श्रोत :राष्ट्रिय जनगणना ,२०७८

### १.७ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरुको विवरण

| क्र.स. | चाडपर्व/जात्रा | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|
| १ | (पापानी)वाढाङमी | मङ्सिर | पूर्णिमा | राई/किरात |
| २ | (सिरुवा)बैशाखी | बैशाख | पूर्णिमा | राई/किरात |
| ३ | न्वांगी | भदौ | पूर्णिमा | राई/किरात |
| ४ | (मारुनी नाच)सरस्वती | मङ्सिर | | राई/किरात |
| ५ | दशैं | असोज | नौरथा | हिन्दुहरु |
| ६ | सोह्र श्राद्ध | असोज | पूर्णिमा देखि औंशी सम्म | हिन्दुहरु |
| ७ | तिहार | कार्तिक | कृष्णपक्ष | हिन्दुहरु |
| ८ | तिज | भाद्र | पंचमी | हिन्दुहरु |

| | | | | |
|---|---|---|---|---|
| ९ | कुशेऔंशी | भाद्र कृष्णपक्ष | औंशी | हिन्दुहरु |
| १० | कृष्णअष्टमी | भाद्र | कृष्णपक्षको अष्टमी | हिन्दुहरु |
| ११ | जनैपूर्णिमा | श्रावण | पूर्णिमा | हिन्दुहरु |
| १२ | नागपंचमी | श्रावण | पंचमी | हिन्दुहरु |
| १३ | साउने संक्रान्ती | श्रावण | श्रावण १ गते | हिन्दुहरु |
| १४ | चैते दशैं | चैत्र | नौरथा | हिन्दुहरु |
| १५ | माघे संक्रान्ती | माघ | माघ १ गते | हिन्दुहरु |
| १६ | हरिबोधनी एकादशी | कार्तिक | एकादशी | हिन्दुहरु |
| १७ | बत्ति बाल्ने औंशी | मङ्सिर | औंशी | हिन्दुहरु |
| १८ | बुद्ध जयन्ति | बैशाख | पूर्णिमा | हिन्दुहरु |
| १९ | महाशिवरात्री | फाल्गुन | प्रतिपदा | हिन्दुहरु |
| २० | स्वस्थानी व्रत | माघ | पूर्णिमा | हिन्दुहरु |

श्रोत :स्थलगत सर्वेक्षण २०७४ अनुसार

## १.८ पर्यटकीय स्थलहरुको विवरण )धार्मिक/ऐतिहासिक/पुरातात्विक

| क.स. | पर्यटकीय स्थलहरुको नाम | वडा | टोल | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकीयहरुको संख्या |
|---|---|---|---|---|---|
| १ | छिन्ताङ जाल्पादेवी मन्दिर देवीथान | ३ | मूलगाउँ | धार्मिक | ३०-५० |
| २ | पन्चकन्य सहिदपार्क | ३ | पन्चकन्य | पर्यटकीय | ४०-५० |
| ३ | पाताल सहिद स्मारक पार्क | २/३ | झन्डी गढी | पर्यटकीय | |
| ४ | साकेवा थान | ३ | च्याब्रुङ | धार्मिक | - |
| ५ | त्रिवेणी गणेश मन्दिर | १ | त्रिवेणी दोभान | पर्यटकीय | ७०-८० |
| ६ | शिव पंचायान मन्दिर | १ | सफईटार | धार्मिक | |
| ७ | झ्यालढुंगा गुफा | १ | गुर्धुम | ऐतिहासिक | निर्माणाधीन |
| ८ | पुङठुङ झरना | १ | हाङगुवा | ऐतिहासिक | निर्माणाधीन |
| ९ | सेलेले झरना | २ | बर्खा छेउ | ऐतिहासिक | |
| १० | लेमलेमा गुफा | २ | पाताल छेउ | ऐतिहासिक | निर्माणाधीन |
| ११ | घुमाउने डाँडा | ६ | चिसापानी | पर्यटकीय | १०-२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सिद्धथान मन्दिर | ६ | चिसापानी | धार्मिक | १०-२५ |
| १३ | टप्पुदेवी मन्दिर | ७ | चाम्चा | धार्मिक | ५-१० |
| १४ | तमोर नदि | ७ | दक्षिणी सिमा | पर्यटकीय | - |
| १५ | माङघेरेरी | ६ | थलाखाम | ऐतिहासिक | - |
| १६ | चोपलुङ | ६ | भन्ज्याङ | दृश्यअवलोकन | - |
| १७ | ढुकुरसिंह | ४/५ | खोकुभरी | धार्मिक | - |
| १८ | चेम्सुङ डाँडा | ५ | खोकु | ऐतिहासिक | - |
| १९ | युवाराजा डाँडा | ५ | | ऐतिहासिक | - |
| २० | सोलुङे डाँडा | ४ | | ऐतिहासिक | - |
| २१ | साततले डाँडा | ४ | | ऐतिहासिक | - |
| २२ | खोकु सुन्तला बगैचा | ४ | | पर्यटकीय | ५-१० |

## १.०९ खेतीयोग्य जमिन र सिंचित क्षेत्रफलको विवरण

| क.स. | विवरण | क्षेत्रफल)हे.मा( | कैफियत |
|---|---|---|---|
| १ | खेतीयोग्य जमिन | ४२५८.२७ | |
| २ | खेति गरिएको जमिन | ३०६०.४५ | |
| ३ | कुल सिंचित क्षेत्रफल | १९६५.७८ | |

**सहिदभूमि गाउँपालिकाका अध्यक्षज्यूले मिति २०८१।०२।२५घघ गते मंगलबार अध्यक्ष श्री मनोज राईज्यूबाट सभामा प्रस्तुत आर्थिक वर्ष ०८१/८२ को नीति, तथा कार्यक्रम**

**उपस्थित गाउँसभा सदस्य ज्यूहरु,**

सहिदभूमि गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम स्थानीय तहको दोस्रो गाउँ सभाको पाँचौं अधिवेशनमा यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ।
सर्वप्रथमत म विभिन्न कालखण्डमा देश र जनताको निमित्त विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

हामी नेपालको संविधानले अवलम्वन गरेको ३ तहको संघीय शासन प्रणालीको अभ्यासमा रहेका छौ। संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्तित्वपूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशी विकास पक्रियामा ३ वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता रहेको छ।
स्थानीय तहको दोस्रो निर्वाचनपछि सार्वभौम नागरिकको विकास प्रतिको उत्कष्ट चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने अभिलासाका साथ यो सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसरको दोस्रो गाउँसभाको पाँचौं अधिवेशनमा हामी उपस्थित भएका छौं। यस अवसरमा आगामी आ.ब.२०८१/८२ को नीति तथा कार्याक्रमलाई जनमूखी वनाउन विभिन्न माध्यमबाट हामीलाई राय सुझाव प्रदान गर्नुहुने गाउँवासी आमा वुवा दाजुभाई तथा दिदिबहिनीहरु, पालिकाका कर्मचारी परिवार लगायत सम्वद्ध सबैलाई हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद ज्ञापन गर्दछु।

**उपस्थित गाउँसभा सदस्य ज्यूहरु,**
नेपाली जनताको लोकतन्त्र, समानता र सामाजिक विकासको चाहना अनुरुप पटक-पटक भएका विभिन्न आन्दोलन तथा विद्रोहको परिणाम स्वरुप लोकतान्त्रिक मुल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुदै आएको छ। आम नेपालीहरुको संघीयता र स्वशासनको चाहनालाई संविधान सभाबाट जारी संविधानवाट प्रत्याभुत गरिएको छ। राज्य प्रणालीमा भएको रुपान्तरणसँगै मुलुक एकात्मक ढाँचाको शासकीय व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरेको छ।

हामी नागरिकहरुको आकांक्षा र गाउँको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयन गर्ने गरी यो नीति तथा कार्यक्रमलाई केन्द्रित गर्ने प्रयत्न गरिएको छ। नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल र साझा अधिकार कार्यान्वयका लागि आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु निर्माण गर्दै नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु आजको आवश्यकता रहेको छ।

स्थानीय सरकारको प्रमुख र महत्वपूर्ण वित्तिय स्रोतको रुपमा संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने वित्तिय हस्तानतरण रहेको छ । यद्यपी, वित्तिय हस्तान्तरणको खुम्चदो आकार तथा पूर्व सुनिश्चित हुनुपर्ने वित्तिय समानीकरण अनुदानको हिस्सा समेत संघ र प्रदेशबाट घटेर प्राप्त हुँदा स्थानीय तहको बजेट प्रणालीको सन्तुलन समेत बिग्रने अवस्था बढेर गएको छ। यसले वित्तिय संघीयतामा चुनौती थपेको छ ।

यद्यपी, हामीलाई प्राप्त सीमित स्रोत साधनलाई जन अपेक्षा अनुरुप प्राथमिकता प्राप्त तथा तुलनात्मक लाभका क्षेत्रहरुमा नतिजामुखी योजना तथा कार्यक्रमहरु सञ्चालन हुने गरी आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

यस नीति तथा कार्यक्रम तयार गर्दा मैले मुख्य आधारको रुपमा निम्न दस्तावेजहरुलाई आधार मानेको छु।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन सम्बन्धी ऐन, २०८०
- कोशि प्रदेश सरकारको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१)
- नेपालको १६ औं पञ्चबर्षिय योजना
- दिगो विकास लक्ष्यहरु

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म यस सहिदभूमी गाउँपालिकाले चालु आ व. २०८०/८१ को जेठ महिनाको तेस्रो हप्ता सम्म हासिल गरेको मूख्य मूख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास

### १.१. कृषि तर्फ

- कृषि विकास शाखा अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भएका जम्मा १० वटा कार्यक्रमहरु मध्ये ४ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ६ वटा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

- यस गाउँपालिकामा कृषि क्षेत्रको विकासका लागि ५० प्रतिशत मूल्य छुट अनुदानमा गोलभेडा र खुर्सानीको बिउ, बिद्युतीय चार्जर स्प्रेयर, ७ हर्ज पावरको मिनिटिलर, तथा फौजी किरा तथा अन्य किरा नियन्त्रणका लागि निशुल्क किटनाशक बिषादी वितरण गरिएको छ । त्यस्तै, ५० प्रतिशत मूल्य छुट अनुदानमा प्लाष्टिक पोखरी, ढुसीनाशक बिषादी, मिनिटिलर, सुन्तला ग्राफ्टिङ बिरुवा वितरण कार्यक्रम तथा ७५ प्रतिशत अनुदानमा मालदह आँप ग्राफ्टिङ विरुवा वितरण र व्यवसायकि तरकारी खेती प्रविधी सम्बन्धी तालिम सञ्चालनको प्रक्रियामा रहेका छन् ।

### १.२. पशुसेवा तर्फ

- पशु सेवा शाखा अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भएका जम्मा ७ वटा कार्यक्रमहरु मध्ये ३ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ३ वटा कार्यक्रमहरु कार्यान्वयन भई सम्पन्न हुने चरणमा रहेका छन् ।
- त्यस्तै, पशु सेवा केन्द्र, थलथलेबाट नियमित रुपमा पशुपन्छीका लागि अत्यावश्यक औषधी वितरण तथा उपचार भइरहेको छ । यस केन्द्रबाट हालसम्म ७५३२ पशुपन्छीका लागि औषधी वितरण तथा उपचार भएको छ ।

## २. सामाजिक विकास

### २.१. स्वास्थ्य तर्फ

- स्वास्थ्य शाखा अन्तर्गत कार्यान्वयन हुने गरी चालु आ.व. २०८०/८१ मा विनियोजन भएका जम्मा ३८ वटा कार्यक्रमहरु मध्ये ३० वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ८ वटा कार्यक्रमहरुको कार्यान्वयन भई सम्पन्न हुने चरणमा रहेका छन् ।
- उपाध्यक्षसँग गर्भवती र सुत्केरी पोषण तथा सुत्केरी प्रोत्साहन खर्च कार्यक्रमबाट ६५ जनालाई सेवा प्रदान गरिएको छ ।
- पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर आङ्ग खस्ने रोग नियन्त्रण गर्न ६ वटा वडामा शिविर सञ्चालन गरी ७४ जनालाई स्क्रिनिङ गरिएको छ ।
- स्वास्थ्य शाखा मार्फत सञ्चालित विभिन्न कार्यक्रमहरुको क्रममा दीर्घरोगी उपचार सहायता १४ जनालाई, दादुरा रुवेला खोप १०५५ जना बालबालिकालाई, भिटामिन ए २४८२ जनालाई, जुकाको औषधी २२०५ जनालाई तथा १५ जनालाई इम्प्लान्ट लगाइएको छ ।
- यस गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट ४३१ जनालाई गर्भवती परीक्षण सेवा प्रदान गर्ने लक्ष्यमा ३५२ जनालाई गर्भवती सेवा प्रदान गरिएको छ । त्यस्तै, ११,३३२ जना नयाँ बिरामी तथा २४०३ जना पुराना बिरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- यस गाउँपालिकामा रहेका २ वटा बर्थिङ सेन्टरबाट १६९ जना नयाँ र फलोअपमा आएका २३९ जना गर्भवती महिलाहरुलाई ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ ।

- विद्यालय अपाङ्गता परीक्षण शिविरमा जम्मा १५८५  जना विद्यार्थीहरुको अपाङ्गता परीक्षण गरिएको छ ।
- जेष्ठ नागरिक, पूर्ण अपाङ्ग, गर्भवती तथा सुत्केरी एम्बुलेन्स खर्च शीर्षकबाट ३ जनालाई सेवा प्रदान गरिएको छ ।

२.२. **आयुर्वेद शाखा तर्फ** :

- यस गाउँपालिकाको आयुर्वेद शाखा, छिन्ताङ आयुर्वेद औषधालय मार्फत कार्यान्वयन हुने गरी चालु आ.व. २०८०/८१ मा निर्धारण भएका जम्मा ८ वटा कार्यक्रमहरु मध्ये आयुर्वेद औषधी खरिद, आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, नागरिक आरोग्य/ योग शिविर कार्यक्रम, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम तथा स्तनपान गराउने आमाहरुका लागि दुग्धबर्द्धक जडिबुटी जन्य औषधी वितरण कार्यक्रम सम्पन्न भएका छन् । हाल एउटा कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ ।

**२.३. शिक्षा तर्फ**

- स्थानीय भाषा, सीप, कला, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले कक्षा १ देखि ८ सम्म लागू गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न।
- माध्यमिक विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाई अनुगमन तथा नियमन गर्ने उद्देश्यले इ-हाजिरी जडान कार्य सम्पन्न।
- शिक्षकहरूको पेशागत क्षमता तथा सीप विकासका लागि विद्यालय एकाउन्टिङ्ग सिस्टम तालिम, EMIS तालिम, विद्यालय तहको पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण, शिक्षण सामाग्री निर्माण कार्यशाला लगायतका तालिम तथा कार्यशाला सम्पन्न भएको छ।
- राष्ट्रपति रनिङ् शिल्ड, आधारभूत शिक्षा उत्तीर्ण परीक्षा, ग्रेड वृद्धि परीक्षा, लगायतका कार्यहरू सफलता पूर्वक सम्पन्न भएको छ ।
- ह्युमन प्राक्टिस फाउण्डेशनसँगको साझेदारीमा ठाकुरदेवी मा. वि., जीवन सुधालय मा. वि., र सिद्धदेवी मा. वि. मा विद्यालय पूर्वाधार विस्तार गरिएको छ ।

**२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

- महिला तथा बालबालिका शाखा अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भएका जम्मा १६ वटा कार्यक्रमहरु मध्ये १३ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ३ वटा कार्यक्रमहरु कार्यान्वयन भई सम्पन्न हुने चरणमा रहेका छन् ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीता प्रवर्द्धन गर्नका लागि नेतृत्व तथा संस्थागत विकास कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य शिविर तथा प्रविधी हस्तान्तरण कार्यक्रम,

बालबालिकाहरुका लागि अतिरिक्त क्रियाकलाप, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।

## २.५. उद्यम तर्फ

- उद्यम शाखा अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भएका जम्मा ११ वटा कार्यक्रमहरु मध्ये ६ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ५ वटा कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छन् ।
- सहभागितामूलक ग्रामिण लेखाजोखा कार्यक्रम, उद्यमशिलता विकास तालिम, सीप विकास तालिम, सिलाई कटाई तालिम, प्रविधी हस्तान्तरण तथा वित्तिय सेवामा पहुँच कार्यक्रमहरु सम्पन्न भएका छन् ।

## २.६. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने गरी व्यवस्था भएका जम्मा २४ वटा कार्यक्रमहरु मध्ये १९ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल ५ वटा कार्यक्रमहरु कार्यान्वयन भई सम्पन्न हुने चरणमा रहेका छन् ।
- चालु आ.व. २०८०/८१ मा जम्मा ९३ जना व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत गरी न्युनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ ।

## २.७. सहकारी तर्फ

- सहकारी शाखा अन्तर्गत कार्यान्वयन हुने गरी विनियोजन भएका जम्मा ०३ वटा कार्यक्रमहरु मध्ये सबै कार्यक्रमहरु सम्पन्न भएका छन् । जस अन्तर्गत सहकारी संस्थाहरुलाई आधारभूत लेखा व्यवस्थापन तालिम, अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

## २.८. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ

- चालु आ.व. २०८०/८१ को जेठ २३ गतेसम्म सामाजिक सुरक्षा भत्ता अन्तर्गत अन्य जेष्ठ नागरिक भत्ता १५२२ जना, जेष्ठ नागारिक दलित भत्ता ८८ जना, जेष्ठ नागरिक एकल महिला भत्ता १५३ जना, बिधवा भत्ता २१६ जना, पूर्ण अपाङ्गता भत्ता ८३ जना, अति अशक्त अपाङ्गता भत्ता २३६ जना र दलित बालकालिका भत्ता ९९ जना गरी जम्मा २३९७ जनालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आइएको छ ।
- व्यक्तिगत घटना तर्फ बि.सं. २०८० सालमा यस गाउँपालिकामा भएका जम्मा ९११ वटा घटना दर्ताहरु मध्ये जन्मदर्ता ४८२, मृत्यु दर्ता १३८, सम्बन्ध बिच्छेद ३२, विवाह दर्ता १६७ भएका छन् ।बि.सं. २०८० सालमा १८ वटा बसाईसराई दर्ता मार्फत जम्मा ४४ जना नागरिकहरु यस

गाउँपालिकामा बसाँईसरी आउनुभएको छ ।त्यस्तै, ७४ वटा बसाँईसराई गरी जाने बसाईसराई दर्ताबाट जम्मा २०८ जना नागरिकहरु यस गाउँपालिकाबाट अन्यत्र बसाईसरी जानुभएको छ ।

## ३. पूर्वाधार विकास तर्फ

३.१. चालु आ व मा **गाउँ सभा सदस्य विकास कार्यक्रम** अन्तर्गत ३५ वटा आयोजनाहरु सम्झौता भएकोमा ७ वटा सम्पन्न भएको र बाँकी आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

३.२. त्यस्तै, **गाउँ सभा सदस्य विकास कार्यक्रम अन्तर्गतको फुसको छानो हटाइ टिनको छानो लगाउने कार्यक्रममा** जम्मा २४ जना छनौट भएकोमा १४ जना लाभग्राहीको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३.३. साना सिँचाइ कार्यक्रम अन्तर्गत चालु आ व मा ५ वटा आयोजनाहरु सञ्चालन भएकोमा २ वटा सिँचाई पूर्वाधारको काम सम्पन्न्न भएको तथा बाँकी ३ वटा आयोजनाहरु सम्पन्न हुने चरणमा रहेका छन् ।

३.४. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट सुचिको आधारमा प्रथम किस्ता र काम सम्पन्न भए पछिको विवरण लाभग्राहीले बुझाएपछि दोस्रो किस्ता निकाशा गरिएको छ ।

३.५. यस गाउँपालिकाको चालु आ व मा **सहिदभूमी गाउँपालिकाका अन्य सडक, सिढी तथा पदमार्ग निर्माण आयोजना** अन्तर्गत विनियोजन भएका ६ वटा कार्यक्रमहरु मध्ये ४ वटा सम्पन्न भएका छन् । बाँकी २ आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

३.६. त्यस्तै, **सडक पूर्वाधार, भवन तथा शहरी विकास र खानापानी शीर्षकमा विनियोजन** भएका ५५ आयोजनाहरु मध्ये २८ वटा सम्पन्न भएका छन् । बाँकी आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

## ४. न्यायिक समिति तर्फ

- सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्रको स्थापना गरिएको छ ।
- १९ जना मेलमिलाप कर्ताहरुलाई सुचिकृत मेलमिलाप कर्ताको रुपमा दर्ता गरिएको छ ।
- चालु आ.व. २०८०/८१ मा न्यायिक समिति तर्फ विनियोजित जम्मा ५ वटा कार्यक्रमहरु मध्ये मेलमिलाप कर्ताको आधारभूत तालिम, बिद्यार्थीहरुसँग न्यायिक सचेतना कार्यक्रम र सूचीकृत मेलमिलाप कर्ताहरुका लागि पुनर्ताजकी तालिम गरी ३ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् । हाल २ कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छन् ।
- चालु आ.व. २०८०/८१ मा जम्मा २ वटा विवाद तथा मुद्दा दर्ता भएको, १ मुद्दाको जिम्मेवारी सरी आएको, २ वटा मुद्दाको मिलापत्र भएको र १ मुद्दा सुनुवाई तथा मेलमिलापको प्रक्रियामा रहेको छ ।

## ५. कानून निर्माण तर्फ :

५.१. यस गाउँपालिकाको गाउँ सभाले हालसम्म १७ वटा ऐनहरु तथा गाउँ सभा सञ्चालन नियमावली निर्माण गरेको छ ।त्यस्तै, यस गाउँपालिकामा हालसम्म नियमावली ६ वटा, कार्यविधीहरु ३४ वटा, निर्देशिका ४ वटा, मापदण्ड ४ वटा आचारसंहिता १ वटा गरी जम्मा ६६ वटा कानून कार्यविधीहरु निर्माण गरिएको छ ।

## ६. विपन्न सँग अध्यक्ष कार्यक्रम तर्फ

**६.१.** यस गाउँपालिकामा रहेका विपन्न व्यक्ति तथा समूदायको विपन्नता कम गर्दै उनीहरुको क्षमता विकास, उद्यमशिलता तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिएको छ ।

६.२. विपन्न सँग अध्यक्ष कार्यक्रम अन्तर्गत मौरीपालन सम्बन्धी आधारभूत तालिम, व्यवसायिक फलफुल तथा तरकारी खेती तालिम, व्यवसायिक बाख्रापालन तालिम, गाउँपालिका स्तरीय दलित सचेतना गोष्ठी तथा गाउँपालिका भित्रका सामूदायिक विद्यालयमा अध्ययनरत किशोर किशोरीहरुका लागि जीवनोपयोगी सीप विकास तालिम सम्पन्न भएको छ ।

## ७. राजश्व शाखा

- चालु आ.व. २०८०/८१ को कुल राजश्व प्रक्षेपण ७०,००,०००।(अक्षेरुपी सत्तरी लाख रुपैंया मात्र ।) मध्ये २०८१ जेठ २३ गते सम्म यस गाउँपालिकाको जम्मा राजश्व संकलन रु३५,०६,६७६.६१।– ( अक्षेरुपी पैतिस लाख छ हजार छ सय छैहत्तर रुपैंया एकसठ्ठी पैसा मात्र ।) अर्थात कुल राजश्व प्रक्षेपणको ५०.१०% राजश्व संकलन भएको छ ।
- चालु आ.व. २०८०/८१ मा यस गाउँपालिकामा जम्मा १६ वटा नयाँ पेशा व्यवसायहरु दर्ता भएका छन् भने जम्मा ५६ वटा पेशा व्यवसायहरु नविकरण भएका छन् ।

**गाउँसभा सदस्य ज्यूहरू,**

अव म आगामी आ.व. २०८१/८२ मा समावेश हुने मुख्य मुख्य कार्यक्रमहरु प्रस्त्त गर्न चाहन्छु ।

- आगामी आ.व. २०८१/८२ मा गाउँ सभा सदस्य पूर्वाधार कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- विपन्नसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- आर्थिक सवालीकरणका लागि कृषक आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन लगायतका भौतिक संरचनाहरुको निर्माण र प्रवलीकरणमा जोड दिइनेछ ।
- रोजगारीको सिर्जना हुने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- विषयगत शाखा तर्फ सन्तुलित ढङ्गले बजेट विनियोजन गरिनेछ ।
- ह्युमन प्राक्टिक फाउण्डेसन सँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माण कार्यक्रमलाई विस्तार गरिनेछ ।

**उपस्थित गाउँ सभा सदस्य ज्यूहरु,**

यस सम्मानित गाउँ सभामा "**सहिदभूमिको समृद्धिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि**" भन्ने मुख्य उदेश्य सहित म समग्र सहिदभूमि गाउँपालिको क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. अवलम्बन गरिएका मूल नीतिहरु :

- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- नेपालको १६ औ पञ्चबर्षिय योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच कार्यान्वयन गर्न सहयोग पुग्ने गरी तथा दिगो विकास लक्ष्यहरुको स्थानीयकरणलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरु छनौट गरिनेछ ।
- यस गाउँपालिकाको गौरवकाको आयोजना लाई निरन्तरता दिदै त्यस्ता गौरवका आयोजनाहरु क्रमशः प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा संचालन गर्दै लगिनेछ ।
- गरिबी निवारणमा टेवा पुर्‍याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोही बमोजिम योजना छनौट गर्ने नीति लिइएको छ ।
- भौतिक पूर्वाधारतर्फको योजनागत कार्यक्रमहरु(चौथो त्रैमासिकमा संचालन गरिने कार्यक्रमहरु) बैशाख १५ गतेसम्म सम्झौता गरिसक्नु पर्ने व्यवस्थालाई कडाइको रुपमा लागू गरिनेछ । साथै संचालित योजनाहरु जेष्ठ मसान्तसम्म सम्पन्न गर्न प्रोत्साहित गरी आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।
- सहिदभूमि गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको अधुरा सडकहरु निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई क्रमशः सम्पन्न गर्दै लगिनेछ ।
- कार्यक्रम छनौटका क्रममा रोजगारीको सृजना हुने तथा चाँडो प्रतिफल प्राप्त हुने योजनालाई प्राथमिकता प्रदान गरिनेछ ।
- योजना छनौट एंवम कार्यन्वयन गर्दा दिगो बिकासको लक्ष्यलाई समेत ध्यान दिइनेछ ।
- लाभहरुको समन्यायिक बाडँफाड मार्फत सामाजिक न्याय कायम हुने गरी विनियोजनमा जोड दिइनेछ ।
- पालिकाबाट प्रवाह हुने सेवा प्रवाह छिटो,छरितो, प्रभावकारी र गुणस्तरिय रुपमा सम्पादन गरी सुशासन कायम गर्न श्रोत परिचालन गरिनेछ ।

## आर्थिक विकास नीति :

### १. कृषि विकास :

१.१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण, आधुनिकीकरण र उत्पादनमा आधारित अनुदान तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गर्न वजेट व्यवस्था गरिनेछ ।

१.२. वैज्ञानिक भू–उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै संघीय सरकारले निर्माण गर्ने भू–उपयोग नीतिको अवलम्बन गर्दै स्थानीय अवस्था अनुरुपको नीति बनाइनेछ ।

१.३. सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१.४. हालको निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिकरण गर्न प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ बिजन एवम् यन्त्र उपकरण आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गर्न क्रमशः वजेटको व्यवस्था गर्दै लागिनेछ ।

१.५. स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गकै माग अनुसारका तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

१.६. कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्नुका साथै विषयगत कार्यालयहरुबाट आवश्यक अनुदानका लागि पहल गरिनेछ ।

१.७. गाउँपालिकाको पहिचानमा रहेको सुन्तला, एभोकाडो, आँप, लिचि, टिम्मुर, तेजपात, कफि, सजिवन (मोरिङ्गा) अम्लीसो, अदुवा, अकवरे, रुद्राक्ष, चिरैतो जस्ता जडिवुटिको पहिचान गरी उत्पादकत्वमा बृद्धि गर्ने र यस्ता बस्तुहरुको प्रशोधन गर्ने उद्योगहरु खोल्नका लागि प्रोत्साहन दिने नीति अवलम्बन गरिने छ ।

१.८. गाउँपालिकाको जमिनको नक्साङ्कन गरी पकेट क्षेत्र तयार गरी एक पकेट–एक उत्पादनको कार्यक्रम लागु गरीने छ ।

१.९. उत्कृष्ट कृषि व्यवसायि, सहकारी र समुहलाई प्रोत्साहन गरिने छ ।

१.१०. सुख्खा जमिनमा सामूहिक सिचाईका उपकरण जडान गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।

१.११. कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिनेछ ।

१.१२. गाउँपालिका स्थित कृषक समूहहरु दर्ता गर्न प्रोत्साहित गरी समूह कार्यको प्रभावकारी अनुगमन गरिनेछ ।

१.१३.हाल संचालित स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ ।

१.१४. स्थानीय खोकु जातको सुन्तलालाई प्रवर्द्धन गरिदै लगिनेछ ।

१.१५. कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरिने नीति लिइनेछ । साथै कृषि उपजहरुको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## २. पशु पंक्षी विकास

२.१. व्यवसायिक पशुपालन व्यवसायमा जोड दिइनेछ । सहिदभूमि गाउँपालिकाका किसानहरुको आर्थिक अवस्था सवलिकरणका लागि वृहत्तर वाखा पालन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२. युवा लक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरी मासु तथा दुग्ध पदार्थमा आत्मनिर्भर वनाउन अनुदानको व्यवस्था गरिनेछ ।

२.३. परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आयआर्जन गरी आम्दानी बढाउन विभिन्न साझेदार संस्थाको सहभागितामा कार्यक्रम सन्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२.४. चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्ध पदार्थको बजार सुनिश्चित गर्न गराउन साझेदारी कार्यक्रम गर्ने नीति लिइनेछ ।

२.५. स्थानीय बजार व्यवस्थापनका र मासु पसलका लागि बधशाला निर्माण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

२.६. पशुपंछी पालन सम्बन्धी आवश्यक तालिमहरु संचालन गरिनेछ ।

२.७. पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ ।

२.८. पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ ।

२.९. पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाइनेछ ।

२.१०. गाई भैसीममा लाग्ने लम्पी स्किन रोग लगायतका सरुवा रोग नियन्त्रण गर्न निशुल्क औषधी तथा खोप विस्तार गरिनेछ ।

२.११. लागत साझेदारीमा पशु गोठ निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

## ३. पर्यटन विकास

३.१. यस गाउँपालिका भित्र निर्माण गर्न सकिने पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक गुरुयोजना निर्माण गरी निजी क्षेत्रको सहभागिता का लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३.२. पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथामिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदि उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिने छ ।

३.३. यस गाउँपालिका भित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्दै पर्यटन पूर्वाधार विकासका लागि जलाधार, सिमसार, पानीका मूहान संरक्षण गर्ने कार्यक्रममा जोड दिइनेछ ।

३.४. सहिदभूमि गाउँपालिकाको पहिचान दिने छिन्ताङ्ग देवी मन्दिरलाई व्यवस्थित गरिनेछ । पाताल डाँडालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सडक निर्माण गर्ने र भ्यूटावर निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्न बजेट व्यवस्था गरिने छ । धार्मिक पर्यटकीय स्थलहरुको सरसफाई र फोहोर मैला व्यवस्थापन गरी आकर्षक गन्तव्य बनाईनेछ ।

३.५. वडा नं. १ त्रिवेणी पर्यटकीय क्षेत्रका वस्तिहरुमा होमस्टे व्यवस्थापनका लागि स्थानीयबासीहरुलाई आवश्यक तालिम प्रदान गरी सामुुदायिक होमस्टे सञ्चालनका लागि साझेदारीमा विउपुुँजी प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

३.६. मंसुवाटार ओधाङ छिन्ताङ्गदेवी क्षेत्रको विकासको लागि पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिने नीति लिईने छ ।

३.७. यस गाउँपालिका भित्र रहेका विभिन्न जलाधार क्षेत्र, लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधार विकासमा जोड दिने नीति अबलम्बन गरी आवश्यक बजेट विनियोजन गरीनेछ ।

४. **उद्योग विकास :**

४.१. दर्ता नभई संचालनमा रहेका उद्योग तथा व्यवसायहरुलाई दर्ताको दायरामा ल्याइनेछ ।

४.२. स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।

४.३. संघीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजिकरण गरिनेछ ।

४.४. यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

४.५. गाउँपालिका भित्र स्थापना हुुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुुने र स्थानीय २५ जना भन्दा बढि व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा अनुदान तथा राजश्व छुट गरि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४.६. गाउँपालिका भित्र कलकारखाना, उद्योग व्यवसाय संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव परीक्षण अनिवार्य रुपमा गरे पश्चात मात्र सञ्चालन अनुमति दिने नीति अवलम्बन गरिनेछ ।

४.७. वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औधोगीक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतीका उद्योगहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।

## ५. सहकारी विकास :

५.१. सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउंपालिकाको क्षेत्राधिकार भित्र रहेका सवै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली अनुसार नियमन र अनुगमन कार्यलाई प्रभाबकारी वनाउने नीति लिइने छ ।

५.२. एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिने छ ।

५.३. सहकारीलाई आवश्यक सिप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।

५.४. बचत तथा ऋण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको नीति लिइनेछ ।

## सामाजिक विकास नीति

## १. शिक्षा नीति

१.१. आधारभूत शिक्षाको हक सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचमा सहजता ल्याइनेछ । कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीहरु १० वर्ष मा कक्षा १० मा पुग्ने सुनिश्चितता कायम गर्न विचैमा विद्यालय छाड्ने र कक्षा दोहोर्याउने दर घटाउने कार्यक्रमहरुमा प्राथमिकता दिइने छ ।

१.२. सहिदभूमि गाउँपालिकाको स्थानिय पाठ्यक्रम "सहिदभूमि गाथा" कार्यान्वयनमा ल्याइनेछ ।साथै, स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक छपाईको आवश्यक व्यवस्था गरिनेछ ।

१.३. समस्यामा परेका वालवालिका, अभिभावक विहिन वालवालिका, दलित र अल्पसंख्यक समुदायका बालबालिका, अपांगता भएका बालबालिका र आर्थिक रुपले विपन्न बालबालिकाहरूलाई आधारभूत तह देखि माध्यमिक तह सम्मको शिक्षा निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.४. वहुभाषिक शिक्षण पद्धति अवलम्वन गरी प्रत्येक वालवालिकाको मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

१.५. विद्यालय तथा गाउँपालिका स्तरमा निर्माण गरिने , नियम, योजना र बालबालिकासंग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा बालसहभागिता सुनिश्चित गरी बालअधिकारको संरक्षण र प्रवद्र्धन गरिनेछ साथै बालश्रम तथा शोषणको उन्मुलन हुने गरी कानुनी व्यवस्था गरी गाउँपालिका लाई बालमैत्री गाउँपालिका घोषणा गर्ने नीति लिइने छ ।

१.६. वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी शिक्षा मार्फत सृजनशिल, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने नीति अवलम्बन गरिने छ । यस गाउँपालिकाको एक विद्यालयमा कक्षा ९ बाट प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

१.७. निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ ।

१.८. सवै सामुदायिक विद्यालयहरुमा अपांगता तथा बालमैत्रीे भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै आधारभूत तहसम्म मातृभाषाको माध्यमबाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने नीति लिईनेछ

१.९. बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको गठन तथा परिचालनमा जोड दिनेइछ ।

१.१०. पठनपाठनलाइ प्रविधि मैत्री बनाउन जोड दिईनेछ ।

१.११. विद्यालयमा बाल क्लब, आमा समूहमार्फत विद्यार्थीहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिइनेछ ।

१.१२. विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाइ पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१.१३. विद्यालयमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवद्र्धन गरी शैक्षिक उपलव्धि बढाउन अनूकुल वातावरण बनाउने प्रयास गरिनेछ ।

१.१४. वालविकासका शिक्षकहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था मिलाइनेछ ।

१.१५. सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ ।

१.१६. गाउँपालिका/वडामा शिक्षा क्षेत्रको पूर्वाधार निर्माण र सेवा प्रवाहको विभिन्न तहमा मागमा आधारित अनुगमन गरी शिक्षामा गुणस्तरीयता सुनिश्चितताको लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा राख्ने नीति लिइनेछ ।

१.१७. सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ ।

१.१८. सामुदायिक विद्यालयमा स्वास्थ्य र सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

१.१९. आधारभूत तहमा स्थानीय पाठ्यक्रम समेत लागु गरी स्थानीय धर्म, कला, सँस्कृती र पहिचानको संरक्षण गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागुु गर्ने नीति लिइने छ ।।

१.२०. अत्यन्त न्यून पारीश्रमिकमा काम गरिरहेका बालविकासका सहयोगी कार्यकर्ता र सामूदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहन गर्न प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।

१.२१. गाउँपालिका, ह्यूमन प्रक्टिस फाउण्डेसन नेपाल र विद्यालयको साझेदारीमा विद्यालयको भौतिक पूर्वाधार विस्तार गरिनेछ ।

## २ स्वास्थ्य :

२.१ सञ्चालनमा रहेका खोपकेन्द्रहरु लाई व्यवस्थित गरी सबै वडाहरुमा खोप केन्द्रहरुको पुऱ्याउने कार्यलाई प्राथमिकता दिइने छ ।

२.२ सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ ।

२.३ बाल तथा मातृ शिशु सुरक्षा कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट प्राप्त योगदानको उच्च कदर गर्दै महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी परिचालन गरिनेछ । साथै निजहरु निवृत्त हुदाँ आर्थिक सुविधा सहित बिदाई गरिने कार्यलाई निरन्तरता दिन स्वयंसेविका कोषलाई एकीकृत गरी निरन्तरता दिइनेछ ।

२.४ संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन साथै सुरक्षित मातृत्वः सुनिश्चित जीवन भन्ने गाउँपालिकाको आकाङ्क्षा साथ **गर्भवती र सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम** लाई निरन्तरता दिई गाउँपालिका क्षेत्रमा रहेका गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त आहाराका लागि प्रोत्साहन तथा नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । सुरक्षित प्रसुतिका लागि यस गाउँपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरुलाई आवश्यक सामाग्री सहित व्यवस्थित गर्दै लागिने छ ।

२.५ स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।

२.६ सामुदायिक स्वास्थ्य विमा कार्यक्रमलाइ प्रभावकारी रुपमा लागु गर्ने नीति लिईनेछ । यस गाउँपालिकाको विपन्न घरपरिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ ।

२.७ यस गाउँपालिकाको थलथले बजारमा रहेको स्वास्थ्य केन्द्रलाई संघीय सरकारको एक स्थानीय तह एक अस्पतालको नीति अनुरुप स्तर उन्नतिको साथै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गरी स्वस्थ्य विमा सुविधाका लागि आवश्यक पहल गरिनेछ ।

२.९ गाउँपालिकाका आम जनता लाई स्वास्थ्यको पहुँचसम्म पुग्न स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, गाउँघर क्लिनिक मार्फत स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।

२.१० यस गाउँपालिका क्षेत्रमा कार्यरत स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक यातायात खर्च उपलव्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।

२.११ मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२.१२ पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ ।

२.१३ विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२.१४ सरकारद्धारा उपलव्ध गराइने निःशुल्क औषधीहरु निरन्तर आपुर्ति गर्ने नीति लिइनेछ ।

२.१५ आयुर्वेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु तथा प्राथमिक उपचार विधिमा समुदायलाई सक्षम बनाउन स्थानीय स्तरमा प्राप्त हुने जडिबुटिको पहिचान र प्रशोधनका लागि विशेष कार्यक्रम ल्याइने छ ।

२.१६ स्वास्थ्य चौकीहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधि उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरुलाई आवश्यक तालिम र स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२.१७ सहिदभूमि गाउँपालिकाका आर्थिक रुपमा विपन्न तथ गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला र ज्येष्ठ नागरिकहरुलाई लक्षित गरेर क्यान्सर, मुटुरोग, स्पाइनलकर्ड इन्जुरी, मृगौला रोग, हेड इन्जुरी, सिकल सेल एनिमिया, पार्किन्सन्स रोग, अल्जाइमर्स भएका बिरामी र दीर्घरोगबाट पीडित रोगिहरुलाई गाउँबाट अस्पतालसम्म पुग्न एक पटकमा यातायात खर्च वापत प्रति बिरामी रु.५००० (अक्षरेपी पाँच हजार रुपयाँ मात्र) उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै उपयुक्त आठ किसिमका रोग भनि मान्यता प्राप्त निकित्सकबाट प्रमाणित भइ आएमा रोगको उपचार गर्न नसक्ने विपन्न तथा असहाय नागरिकको लागि यस गाउँपालिकाको विपन्न नागरिक औषधि उपचार कोष कार्यक्रमबाट उपचार हुने गरी अस्पतालमा सिफारिस गर्ने व्यवस्था मिलाइने छ ।

२.१८ ज्येष्ठ नागरिक, पूर्ण अपाङ्ग तथा सुत्केरी हुन जाने महिलालाई एक पटकको लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

२.१९ गाँजा खेतीलाई औषधिय प्रयोजनका लागि व्यवसायिक खेती गर्ने संघीय सरकारको नीति बमोजिम संघीय सरकारसँगको समन्वय र साझेदारीमा स्रोत साधनको परिचलन गर्दै लगिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

३.१ **जीवनका लागि स्वच्छ पानी** भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तार गर्न संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा योजना सञ्चालन गरिनेछ ।

३.२ गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुऱ्याउन, हाल संचालनमा रहेका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.४ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ । साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।

३.६ बजारमा संकलित फोहोरको उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको निर्माण भइ रहेकोमा फोहोरको उचित व्यवस्थापन गर्ने कार्यलाइ प्राथकितामा राखि व्यवस्थापन गरिनेछ ।

## ४. संस्कृति

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को अधिनमा रही सहिदभूमि गाउँपालिकामा मातृभाषाका रुपमा बोलिने **बान्तवा राई, छिन्ताङ्गे राई र छिलिङ्ग राई** भाषाहरुलाई

सहिदभूमि गाउँपालिकाको स्थानीय सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्न आवश्यक पहल गरिनेछ । यी मातृभाषा प्रयोगकर्ताहरुलाई सहजीकरण गर्न गाउँपालिकामा कार्यरत विभिन्न मातृभाषी कर्मचारीहरुलाई फोकल पर्सनका रुपमा विशेष जिम्मेवारी दिइनेछ ।

२. आदिवासी जनजातिको परम्परादेखि चलिआएको ज्ञान, सीप, कला, सँस्कृतिको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

३. गाउँपालिकाले सम्बन्धित आदिवासी जनजातिका संस्था र सरोकारवालाहरुको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. लोपोन्मुख भाषा, धर्म, सस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बाको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

५. गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य, संगित र साँस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ ।

६. जातीय, भाषिक, सांस्कृतिक, धार्मिक विविधतायुक्त यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै समुदायको क्रमिक विकास र समान सहभागिता लाई बढावा दिदै भेदभावमुक्त, पारस्परिक सदाशययुक्त तथा एकतावद्ध समाज निर्माण गर्न निरन्तर प्रयासका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५. महिला विकास,लैंगिक समानता र समावेशिकरण

"**सुसंस्कार हाम्रो पहिचान : वृद्ध वृद्धालाई सम्मान**" भन्ने नाराका साथ जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण, स्वास्थ्य परामर्श, निःशुल्क उपचार शिविर, दिवासेवा केन्द्र स्थापना, अनुभव संकलन तथा अभिलेखाङ्कन जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५.१ जेष्ठ नागरिक एकल महिलाको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाले अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरिक, एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरिक केन्द्र स्थापना गर्ने नीति लिईनेछ । साथै जेष्ठ नागरिक प्रतिक्षालय (चौतारा) निर्माणमा निरन्तरता दिइने छ ।

५.२ वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

५.३ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोडदिइनेछ ।

५.४ आदिवासी, जनजाती, दलित पिछडा वर्ग जस्ता पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

५.५ वडा भेला मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु वडा स्तरीय तथा गाउँपालिका स्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५.६ अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकार र करुणा फाउण्डेशन संगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यकमलाई सम्वोधन सहित निरन्तरता प्रदान गरिने छ ।

५.७ फुस्को छाना प्रतिस्थापन गरी जस्ताको छाना लगाउँदै जाने साथै सुरक्षित नागरिक आवास कार्यकमलाई निरन्तरता दिइने छ ।

५.८ छुवाछुत, भेदभाव, कुरीति, कुसंस्कृति, अन्धविश्वास र सामाजिक विकृतिहरु हटाउने कार्यक्रमहरु संचालन गर्दै लगिनेछ र किशोरीहरुका लागि आत्मरक्षा तालिमलाई सञ्चालन गरिने छ ।

५.९ सिमान्तकृत र अतिसिमान्तकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.१०. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ । आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय,निजी,सहकारी र गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ ।

## ६. खेलकुद तथा मनोरञ्जन

“**राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद** ” भन्ने नाराका साथ खेलकुद क्षेत्रको विकासको लागि निम्न नीति लिइने छ ।

६.१ आधारभुत (कक्षा १-८) र मा.वि. तहका विद्यार्थीहरुमा उमेर समुहगत खेलकुद कार्यक्रम संचालन गरी प्रतिभा छनौट गर्ने र छनौट भएका प्रतियोगि खेलाडीहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने नीति लिईनेछ ।

६.२ यस गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६.३ प्रत्येक वडाहरुमा खेलकुद मैदानको व्यवस्थापन गर्दै गाउँपालिकास्तरीय एक व्यवस्थित खेल मैदान बनाउन संघीय सरकार र प्रदेश सरकारको समन्वयमा निर्माण गर्ने नीति लिइने छ ।

६.४ खेलकुदको क्षेत्रमा प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ नागरिक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्न खेलकुद आयोजना तथा खेलकुद सामाग्री वितरण गर्ने नीति लिइनेछ ।

## पूर्वाधार विकास नीति

### १. सडक तथा पुल

१.१ सहिदभूमि गाउँपालिकाको गौरवको आयोजनाका रुपका रहेको हिले छिन्ताङ्ग त्रिवेणी उदयपूर सडक, पंचकन्या सेतीचौक सफाइटार सडक,थलथले चाम्चा सप्टिङटार सडक, मुलघाट त्रिवेणी भोजपुर सडक, पिप्ले जिसु राईघाट सडक,पिप्ले सन्देशचौक मङ्गसुवाटार सडक, लाई संघीय सरकार र प्रदेश सरकारमार्फत स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यको लागि पहल गरिनेछ ।

१.२. संघीय,प्रदेश तथा स्थानीय सरकारका माध्यमबाट सुकेआहाल माङ्गफिङ खोकु सडक, पन्चकन्या बेलटार भालुखोला सडक,सेतीचौक हाङ्गवा संविधानसभा चौतारा सडक, सुकेआहाल माङ्गतिन पोक्ला हाङ्गखा सडक, साम्बुगाउँ गुराँसे पंचकन्या सडक,साम्बुगाउँ कागुने ललाहोङ ललाहानीटार सडक,पञ्चकन्या पाताल साम्बुगाउँ सडक,थलथले माम्फिङ डिही बत्तीसे खोकु सडक लगायत अन्य महत्वपूर्ण सडक निर्माण मर्मत संम्भार तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

१.३ विगतमा स्तरउन्नति भइ सकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.४ गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।

१.५ कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने काम गरिने छ ।

१.६ विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ ।

१.७ उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा विगतदेखिको लागत वा श्रम सहभागितालाई निरन्तरता दिइनेछ ।

१.८ साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिका बाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिने छ ।

१.९ सहिदभूमि गाउँपालिकासँग जोडिएका छिमेकी गाउँपालिका, नगरपालिका र छिमेकी जिल्लासँग आवतजावत सहजताका लागि नदी तथा खोलामाथि प्रदेश सरकार र संघीय सरकारसँगको अनुदानमा झोलुङ्गे पुलको निर्माणको लागि पहल गरिनेछ । आवश्यकताको आधारमा स्थल छनौट गरी प्रदेश सरकार तथा संघीय सरकारमार्फत मोटरेबल (पक्की) पुल निर्माणका लागि योजना माग गरिनेछ ।

१.१० आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।

१.११ तीन लाख भन्दा माथिका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण ( आयोजना सूचना पाटी) अनिवार्य राख्नुपर्ने नीति लागु गरिने छ ।

१.१२ गाउँपालिकाका वडाहरुलाई जोड्ने प्रत्येक वडाका एक एक वडा सडकलाई **मूल पूर्वाधार सडकका** रुपमा राखी उपभोक्ताको साझेदारी समेतमा मर्मत सम्भार तथा स्तर उन्नती गर्दै कालोपत्रे गर्ने नीति अवलम्बन गरिने छ ।

१.१३ गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगीक मैत्री, वातावरणमैत्री तथा जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

## २. भवन तथा ग्रामिण विकास

२.१ गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ ।

२.२ यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अर्न्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

२.३ गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण,जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बढाइनेछ । जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।

२.४ अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरिरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी स्थानान्तरण गर्न एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ । साथै जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२.५ गाउँपालिका तथा कार्यालय भवन निर्माण हुन बाँकी वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा संघीय सरकारसंग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघसंस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२.६ गाउँपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रिहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पनताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरीने छ ।

२.७ भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधी र वातावरण मैत्री हुने गरी निर्माण गर्न निर्माण कार्यमा सम्लग्न ठेकेदार/मिस्त्रीहरुलाई आधारभूत तालिम संचालन गर्न आवश्यक वजेट विनियोजन गरिने छ । साथै घर तथा भवन निर्माण ईजाजत दिदा तालिम प्राप्त गरी गाउँपालिकामा सूचिकृत भएका आधिकारीक ठेकदारको प्रमाण पत्र अनिवार्य सम्लग्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२.८ सरकारी, ऐलानी, पर्ती, खोला खोल्सीले ओगटेको जमिन संरक्षण गर्ने तथा नदी र जंगल किनाराको जमिन अतिक्रमण रोक्ने र वृक्षारोपण गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

## ३. उर्जा तथा विद्युत :

३.१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिने छ ।

३.२ विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३.३ विद्युत विस्तार हुन बाँकी ठाउँमा विधुतीकरणका लागि विद्युत प्राधिकरणसंग पहल गरिने छ । उक्त ठाउँहरुमा विधुत विस्तारका लागि विद्युत प्राधिकरणसँग साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

३.४ मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंगको सहकार्यमा सडक बत्ति व्यवस्थापन गरिनेछ ।

### ४. सञ्चार

४.१ गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको वेवसाइट तथा मोवाइल एपका माध्यमबाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

४.२ "जनतासँग जनप्रतिनिधि" कार्यक्रमलाई प्रभावकारी बनाउन सूचना र सञ्चार माध्यमको अधिकतम प्रयोग गरिने छ ।

४.३ सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा नीजि क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालन गरिने छ ।

### ५ वन वातावरण तथा विपद व्यवस्थापन

१. विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

२. ग्रामिण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै सौर्य उर्जा, गोबर ग्याँस, सुधारिएको चुलो, इन्डक्सन चुलो जस्ता स्वच्छ उर्जाका प्रविधिहरु प्रयोग गरी धुँवामुक्त घर बनाउन वैकल्पिक उर्जाको प्रर्वद्धनमा जोड दिइने छ ।

३. वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित ब्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

४. बन जंगलको संरक्षण र विस्तारका लागि बन समितिहरुलाई व्यवस्थित र सकृय बनाउने नीति अवलम्बन गर्दै गाउँपालिका भित्र सडक निर्माण गर्दा सडकका दुबै किनारामा उपयुक्त वृक्षारोपण गर्ने नीति लिइने छ ।

५. विपद् उद्धार र तत्काल सहायताका लागि गाउँपालिका तथा वडा स्तरमा सर्वदलीय प्रतिनिधित्व सहितको विपद व्यवस्थापन तथा उद्धार समिति र स्थानीय स्तरमा स्वयम्सेवी समूह तयार गरी परिचालन गरिनेछ ।

६. स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनीकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधि उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरु लाई आवश्यक तालिम र स्वास्थ्य उपकरणका लागि आवश्क बजेट विनियोजन गरिने छ ।

७. विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको पहिचान र परिचालन गर्न ठोष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

८. विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

### सूशासन तथा संस्थागत विकास

१.१ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री वनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१.२ गाउँपालिकाभित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुसंग पहल गर्ने र खुला प्रतिस्पर्धा बाट करार र ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ । साथै योग्यता, क्षमता र उत्कृष्टताको आधारमा पदस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१.३ अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारी विना गाउँवासीले चाहेजस्तो प्रभावकारी र अनुभूतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकाले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै उत्प्रेरित तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ । कर्मचारीकव उत्प्रेरणका लागि पर्यटन काजको व्यवस्था गरिनेछ ।

१.४ वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।

१.५ गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।

१.६ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१.७ वडा कार्यालय संचालनका लागि निश्चित सिलिङ्ग सहितको बजेट व्यवस्था गरिनेछ ।

१.८ यस गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरु लाई प्रोत्साहन स्वरुप कामको प्रकृतिको आधारमा स्थानीय तहको क्षमता अनुसार स्थानिय प्रोत्साहन भत्ता दिने नीति लिईनेछ ।

१.९ गाउँपालिका भित्रको सवै विवरण दुरुस्त राख्न गाउँ प्रोफायल तयार गरिनेछ ।

१.१० प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१.११ प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

१.१२ यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी बनाइनेछ ।

१.१३ सबै भन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमा भित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई प्रोत्साहन योजना प्रदान गर्ने नीति लिइने छ ।

१.१६ गाउँपालिका तथा वडा कार्यालयबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधा र शर्तहरुको विस्तृत विवरण समावेश भएको बडापत्र व्यवस्थित गरी सूचनाको हक शुनिश्चित गर्दै सेवा प्रबाहलाई सेवाग्राही मैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

१.१७ गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

१.१८ न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरुलाई व्यवस्थित बनाउन बिद्युतिय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

१.१९ वडा स्तरमा रहेका मेलमिलाप समिति हरुको सकृयता र क्षमता विकासका लागि आवस्यक बजेट व्यवस्था गरिने छ ।

१.२० सहिदभूमि गाउँपालिकाले सेवा करार गरी लिएका जनशक्ति, कृषि तथा पशु सेवामा कार्यरत कृषि स्नातक र एक गाउँ एक कृषि तथा पशु सेवा प्राविधिकलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको राजश्व संकलनको दायरालाई फराकिलो पार्दै गाउँपालिकाको आन्तरिक स्रोतमा बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ । सो कार्यको लागि सेवा करारमा भएका जनशक्तिलाई निरन्तरता दिइनेछ ।

१.२१ यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यन्वयमा ल्याइनेछ ।

**राजश्व नीति**

१. आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गर्ने ।

२. आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको **दायरालाई फराकिलो बनाई करको चुहावटलाई** नियन्त्रण गरिनेछ ।

३. गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको व्यवस्थालाई अवलम्बन गरिनेछ ।

४. दिगो श्रोत व्यवस्थापन गर्न नया" श्रोतको पहिचानका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

५. करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ ।

६. दोहोरो कर प्रणाली हटाई एकद्धार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवबलम्बन गरिनेछ ।

७. “विकास र समृद्धि आफ्नै श्रोतले” भन्ने आदर्श वाक्यका साथ राजस्व श्रोत र खर्च व्यवस्थापन गर्ने नीति, रणनीति र कार्यनीति तय गरिने छ ।

८. राजश्व संकलनमा सुधार गर्न घुम्ती शिविर, करदाताहरुको अभिलेख व्यवस्थापन, जस्ता कार्यलाई निरन्तरता दिइने छ ।

९. कानून बमोजिम बाहेक कर, राजश्व संकलन गरिने छैन ।

**अन्त्यमा,**

सहिदभूमि गाउँपालिकालाई समग्र विकास गर्नको लागि यस नीति तथा कार्यक्रमले अंगिकार गरेका बिषयबस्तुहरुको कार्यान्वयनको पक्ष महत्वपूर्ण हुने छ । आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई सम्बोधन हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको लागि सुझाव दिनुहुने र तर्जुमा कार्यमा संलग्न हुने सबै महानुभावहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु ।

जय सहिदभूमि ।

**मनोज राई**
**अध्यक्ष**
**सहिदभूमि गाउँपालिका, धनकुटा**

## आर्थिक बर्ष २०८१/८२ को
## वजेट बक्तव्य

**आदरणीय सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

१. सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको पाँचौं अधिवेशनको दोस्रो बैठकमा आ.व. २०८१/८२ को आयव्यय यो सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा हर्सित महसुस गरेकोछु।

२. सर्वप्रथम म विभिन्न लोकतान्त्रक जनआन्दोलनहरुमा नागरिकको अधिकार प्राप्तिका लागि साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

३. आगामी आर्थिक वर्ष २०८१/८२ को वजेट निर्माणका क्रममा २०८१/०२/२५ गते गाउँपालिकाका अध्यक्ष ज्यूबाट सम्मानीत गाउँसभामा पेश गर्नु भई गाउँ सभाबाट पारित भएको सहिदभूमि गाउँपालिकाको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी वजेटमा व्यवस्था गरेको छु।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं पञ्चबर्षीय योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था, नेपाल सरकारबाट समय समयमा जारी गरेका आदेश तथा निर्देशनहरु तथा सहिदभूमि गाउँपालिकाको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु।

५. बजेट निर्माणको क्रममा सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरणमैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धित विषयहरूलाई समेत ध्यान दिएको छु।

६. वर्तमान अवस्थामा मुलुकको समग्र अर्थतन्त्रमा देखिएको असहज परिस्थितिका कारण चालु आ.व. मा संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान हुने वित्तीय हस्तान्तरणको परिमाण उल्लेख्य रुपमा घटेर प्राप्त भएको छ। यसले चालु आ.व. मा निर्धारित योजना तथा कार्यक्रम कार्यन्वयन गर्न वित्तीय श्रोतमा चाप परेको छ।

७. आगामी आ.व. २०८१/८२ मा संघीय सरकारबाट प्राप्त वित्तीय सामानिकरणको हिस्सा समेत साविकका बर्षहरु भन्दा घटेर प्राप्त भएकाले सहिदभूमिवासीको विकास प्रतिको तिब्र चाहाना र श्रोत बीच तालमेल मिलाउन चुनौतिपूर्ण देखिएको छ।

८. यद्दपी, **सुखी र समृद्ध सहिदभूमि** निर्माणका लागि हामीलाई उपलब्ध सीमित श्रोत र साधनहरुलाई सहिदभूमिबासीले आफ्ना प्रतिनिधिहरु मार्फत व्यक्त गर्नुभएको चाहना र माग अनुरुप गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरुमा केन्द्रित हुने गरी बजेट विनियोजनमा जोड दिएको छु।

९. बजेट निर्माणका क्रममा हामीलाई विभिन्न माध्यमबाट राय सल्लाह सुझाव प्रस्तुत गर्नुहुने आदरणीय गाउँबासी आमा, बुवा, दाजु, भाई तथा दिदी, वहिनीहरु, निर्वाचित पदाधिकारीहरु, राजनैतिक दलका पदाधिकारीहरु, कर्मचारी बर्ग, सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीज्यूहरु, नागरिक समाज, बुद्धिजिवी वर्ग, शिक्षक, पत्रकार लागायत सबै व्यक्तित्वहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्य ज्यूहरु,**

१०. अब म चालु आ.व. २०८०/८१ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको लागि अनुमान गरिएको आयव्यय संक्षेपमा प्रस्तुत गर्दछु।

११. चालु आ.व. २०८०/८१ मा यस गाउँपालिकाको आन्तरिक आय रु. ७० लाख, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण तर्फ रु. ८ करोड ५४ लाख, सशर्त अनुदान तर्फ रु. २२ करोड १४ लाख, विशेष अनुदान रु ७३ लाख, समपुरक अनुदान रु ५० लाख तथा प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु. ५० लाख ८७ हजार, शसर्त अनुदान तर्फ चालु र पूँजीगत गरी रु ९१ लाख ३६ हजार, समपुरक अनुदान रु ९७ लाख ५० हजार र राजश्व बाडफाँड तर्फ रु. ७ करोड ९४ लाख ९० हजार २ सय रुपैंया गरी कुल ४८ करोड ७६ लाख ९७ हजार २ सय रुपैयाँ प्राप्त हुने आय प्रक्षेपण गरिएको थियो।

१२. चालु आ.ब. २०८०/८१ को आषाढ पहिलो हप्ता सम्म आन्तरिक आय ३८ लाख ७८ हजार ३४ रुपैयाँ, नेपाल सरकारबाट समानीकरण अनुदान तर्फ रु. ६ करोड ४० लाख ५० हजार, शसर्त अनुदान रु २० करोड ९८ लाख ९८ हजार रुपैयाँ, बिशेष अनुदान रु. ६३ लाख २५ हजार, समपुरक अनुदान रु.५० लाख, प्रदेश सरकारबाट समानिकरण अनुदान रु. ५० लाख ८७ हजार रुपैयाँ, शसर्त अनुदान रु. ९१ लाख ३६ हजार, समपुरक अनुदान रु. ९७ लाख ५० हजार र राजश्व बाँडफाँडबाट रु. ४ करोड १० लाख ९४ हजार २सय ५० रुपैयाँ र गत आ.ब.को मौज्दात रु. ६ करोड १२ लाख ५५ हजार ९सय ६५रुपैयाँ गरी जम्मा रु. ४० करोड ८८ लाख ४६ हजार २ सय १६ रुपैयाँ रकम यथार्थ आम्दानी रहेको छ।

१३. चालु आ.ब. २०८०/८१ को आषाढ पहिलो हप्ता सम्म चालु खर्च तर्फ रु २५ करोड २९ लाख ५९ हजार ६ सय ७७ रुपैंया तथा पूँजीगत खर्च तर्फ रु ७ करोड ०८ लाख १९ हजार २ सय ३६ रुपैंया गरी जम्मा रु ३२ करोड ३७ लाख ७८ हजार ९ सय १३ रुपैंया खर्च भएको छ।

१४. यस गाउँपालिका को चालु आ.ब. २०८०/८१ को आषाढ पहिलो हप्ता सम्म खर्च प्रगति चालु खर्च तर्फ ७६.०१ प्रतिशत र पूँजिगत खर्च तर्फ ४५.७२ प्रतिशत खर्च भएको छ। चालु तथा पूँजीगत दुवै खर्च तर्फ गरी औषतमा ६०.८६ प्रतिशत खर्च भएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

१५. अब म आगामी आ.ब. २०८१/८२ को बजेटको सोच, लक्ष्य, प्राथमिकताका क्षेत्रहरु र उद्देश्य प्रस्तुत गर्दछु ।

(क) सोच:

**"सहिदभूमिको समृद्धि: शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** भन्ने सोचका साथ स्थानीय सरकार प्रतिको पहुँच र अपनत्व बृद्धि गर्नु रहेको छ।

(ख) लक्ष्य:

पर्याप्त र दिगो ग्रामिण भैतिक पूर्वाधार विकास, कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि, शैक्षिक गुणस्तर सुदृढीकरण, पर्यटन प्रवर्द्धन एवं पुर्वाधारको विकास, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्दै समृद्ध सहिदभूमि गाउँपालिकाको निर्माण गर्नु रहेको छ।

१६. साधनको सीमित उपलव्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने वाध्यता भएकोले सालबसाली रुपमा आयोजनालाई प्राथमिकताका क्षेत्रहरूको पहिचान गरी सोही अनुरुप कार्यान्वयन गर्दै जानु पर्ने आजको आवश्यकता हो। सोही सिद्धान्त अनुरुप योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका प्राथमिकताहरु तय गरी सोही अनुरुप योजना तथा कार्यक्रमतय गरेको छु।

**प्राथमिकताहरु**

(क) आर्थिक विकासका प्रमुख क्षेत्रहरु कृषि, सडक, पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी लगायका क्षेत्र।

(ख) पूर्वाधारयूक्त, उत्पादनमुखी र बहुसंख्यक नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू।

(ग) स्वास्थ्य र शिक्षाको सर्वसुलभता र गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू।

(घ) लक्षित समूदायलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू।

(ङ) आवधिक र गुरुयोजनाले निर्दिष्ट मार्गदर्शन गरेका कार्यक्रमहरु।

(च) दिगो विकास लक्ष्य हाँसिल गर्न प्रत्यक्ष योगदान पुग्ने योजनाहरु।

(छ) आर्थिक र सामाजिक रुपले पछि परेको विपन्न दलित, जनजाति, सिमान्तकृत, बृद्धबृद्धा, वालवालिका, अपाङ्गता भएका नागरिक, युवा लगायत लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने योजनाहरु।

(ज) अधुरा र क्रमागत योजनाहरू।

(झ) संस्थागत क्षमता सवलीकरण गर्न सहयोग हुने कार्यक्रमहरु।

(ञ) प्रत्यक्ष रोजगारी र छिटो प्रतिफल प्राप्त हुने योजनाहरु।

(ट) सामाजिक न्याय र सशक्तिकरणमा टेवा पुर्याउने योजनाहरु।

१७. अब म आगामी आर्थिक बर्षको बजेटले लिएका उद्देश्यहरु प्रस्तुत गर्दछु।

आगामी आर्थिक बर्षको बजेटले निम्नानुसारको उद्देश्यहरु लिएको छ।

**उद्देश्यहरु**

(क) आर्थिक विकासका संवाहक कृषि, सहकारी, पशु, पर्यटन, पुर्वाधार लागायतका क्षेत्रको विकास मार्फत नागरिकले अनुभूत गर्ने गरी परिवर्तन गर्ने,

(ख) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र सम्मानित श्रम तथा रोजगारका माध्यमबाट समृद्ध सहिदभूमि निर्माण गर्ने,

(ग) सामाजिक समावेशीकरण मार्फत सीमान्तीकरण र वञ्चितीकरणमा परेका लिङ्ग, समुदाय र भाषाको संस्कृतिको संरक्षण मार्फत समतामूलक सहिदभूमिको निर्माण गर्ने,

(घ) सहिदभूमि गाउँपालिकाका पर्यटकीय क्षेत्रको पहिचान विकास र प्रवर्द्धन गर्ने,

(ङ) सबै वडा कार्यालयहरूलाई बाह्रै महिना यातायात चल्न सक्ने गरी सडक संजालको प्रवन्ध गर्ने,

(च) गाउँपालिका भित्रका बिद्यालयहरुका जिर्ण पुर्वधारलाई नयाँ पूर्वाधारले विस्थापित गर्ने,

(छ) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सबै सामुदायिक विद्यालयलाई सूचना प्रविधिको प्रयोग मार्फत नियमनको दायरामा ल्याउने,

(ज) स्थानीय श्रोत, साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने,

(झ) गाउँपालिकामा स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न र प्राविधिक क्षमतायुक्त बनाउदै लैजाने,

(ञ) सवैलाई स्वच्छ पिउने पानी पुर्याउने अबधारणा अनुरुप सबै वडा टोलवस्तीमा खानेपानी पुग्ने गरी पुर्वाधारको प्रवन्ध गर्ने,

(ट) सहिदभूमिलाई पूर्ण सरसफाईयुक्त गाउँ, बालमैत्री र बातावरणमैत्री गाउँको रुपमा रुपान्तरण गर्ने,

(ठ) "**राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद**"नारालाई सार्थक तुल्याउन गाउँस्तरमा खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने, खेल मैदानको स्तरोन्नती र विकास गर्ने,

(ड) गाउँपालिकाको संस्थागत सुदृढीकरण र विकास मार्फत सेवा प्रवाहमा सुधार ल्याई सुशासन प्रवर्द्धन गर्ने।

१८. आगामी आर्थिक बर्षको बजेट कार्यान्वयन पश्चात निम्न **अपेक्षित उपलब्धीहरु** हाँसिल हुने अपेक्षा गरेको छु।

(क) भौतिक पूर्वाधारको विकासबाट यातायातको सुविधामा वृद्धि भई नागरिकको जीवनस्तर सहज बन्नेछ।

(ख) कृषि र पर्यटनको विकासका मार्फत रोजगारीको अवसरमा वृद्धि हुनेछ।

(ग) आधारभूत स्वास्थ्य सुविधामा नागरिकको पहुँच वृद्धि भएको हुनेछ।

(घ) शैक्षिक क्षेत्रहरुमा गुणस्तरीय शिक्षाको प्रवर्धन हुनेछ।

(ङ) विकासका लाभहरुको समन्यायिक बाँडफाँड मार्फत सामाजिक न्यायमा टेवा पुग्नेछ।

(च) पर्यटकीय गाउँको रुपमा रुपान्तरित हुनेछ।

(छ) स्वच्छ खानेपानीको उपलब्धतामा वृद्धि हुनेछ।

(ज) वालमैत्री र पूर्ण सरसफाईयुक्त गाउँ हुनेछ।

(झ) आर्थिक र मानवीय गरीबीको न्यूनीकरण हुदै जानेछ।

(ञ) समग्र खेल क्षेत्रको विकास मार्फत युवाहरुको खेल प्रतिको आकर्षणमा बढोत्तरी हुनेछ।

(ट) संस्थागत सवलिकरण मार्फत सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि हुनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

अव म आगमी आ.व. २०८१/८२ को वजेटमा क्षेत्रगत/शाखागत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**कृषि विकास तर्फ,**

१९. खोकु स्थानीय जातको सुन्तलाको बिजु बिरुवा वितरण तथा उत्पादित सुन्तलाको ग्रेडिङ तथा ब्राण्डिङ्ग गरी बजारीकरण गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२०. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्न प्रमुख उत्पादन सामाग्री, रोग नियन्त्रक विशादी, विउ विजन एव यन्त्र उपकरण वितरण गर्नका लागि रु २३ लाख २५ हजार विनियोजन गरेको छु ।

२१. स्थानीय कपास खेती प्रवर्द्धनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२२. आधुनिक मौरी घार तथा उपकरण वितरण गर्न तथा केरा खेती प्रवर्द्धन तथा विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

२३. गाउँपालिका स्तरीय निःशुल्क माटो परीक्षण गर्न, बिषादीको प्रभाव मूल्याङ्कन तथा घुम्ती बाली उपचार कार्यक्रमका लागि रु ४ लाख ७५ हजार विनियोजन गरेको छु ।

२४. कृषि क्षेत्रको समग्र विकासको **लागि रु. ३७** लाख विनियोजन गरेको छु।

**पशुपंक्षी विकास तर्फ,**

२५. व्यवसायिक पशु फर्म प्रवर्द्धन कार्यक्रम, गोठ/खोर निर्माण तथा सुधार कार्यक्रमका लागि रु ४ लाख विनियोजन गरेको छु ।

२६. बंगुर प्रवर्द्धन कार्यक्रम, पशु पालक कृषकहरुको क्षमता विकास कार्यक्रम तथा व्यवसायिक कृषक प्रोत्साहनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२७. पशुहरुमा लाग्ने पशुरोग, विभिन्न महामारी, घातक रोग नियन्त्रण, रेविज रोग नियन्त्रण कार्यक्रम तथा औषधी वितरण कार्यका लागि रु १३ लाख ७० हजार विनियोजन गरेको छु ।

२८. व्यवसायिक पशुपालन कार्यक्रम प्रवर्द्धन तथा विस्तार गर्न तथा पशुहरुको नश्ल सुधार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२९. पशुपंक्षीहरुमा पौष्टिक आहार विस्तार गर्नका लागि आहार सेवा कार्यक्रम तथा घाँस विकास कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३०. स्थानीय स्तरमा पशु सेवा विस्तारको लागि आवश्यक व्यवस्था मिलाइने छ । पशु सेवा प्रसार कार्यक्रमका लागि रु १२ लाख ७० हजार रुपैंया विनियोजन गरेको छु ।

३१. मत्स्य उत्पादकत्व वृद्धि गर्नको लागि निःशुल्क माछाका भूरा वितरण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३२. पशुपंक्षीको विकासको लागि समग्रमा **रु. ३७ लाख** विनियोजन गरेको छु।

**स्वास्थ्य तर्फ,**

३३. **"सुरक्षित मातृत्वः सुनिश्चित जीवन"** भन्ने गाउँपालिकाको आकाङ्क्षाका साथ**"उपाध्यक्ष सँग गर्भवती र सुत्केरी पोषण तथा प्रोत्साहन कार्यक्रम"** लाई निरन्तरता दिने प्रवन्ध गरेको छु।

३४. गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवा विस्तार तथा परीक्षण प्रणालीको विस्तार र सुधारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३५. स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, औजार तथा उपकरणहरु खरिद गर्न तथा बर्थिङ सेन्टरबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३६. जेष्ठ नागरिक, पूर्ण आपाङ्ग, गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरेको छु ।

३७. एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्न तथा सुरक्षित मातृत्व तथा परिवार योजना सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि रु ४ लाख विनियोजन गरेको छु ।

३८. नेपाल सरकारले निःशुल्क रुपमा प्रदान गरेका औषधीहरुको अतिरिक्त गाउँपालिकाले निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको औषधीहरुको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट हुने इ सि जि सेवा सुरुवातको लागि आवश्यक प्रबन्ध गरेको छु । ई सि जि मेसिन खरिद तथा क्षयरोग मुक्त पालिका कार्यक्रमका लागि रु ६ लाख विनियोजन गरेको छु ।

४०. नेपाल सरकारको नीति तथा मापदण्डको अधिनमा रही गाँजा खेतीलाई औषधीय प्रयोजनका लागि व्यवसायिक खेती प्रवर्द्धन गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

४१. शौचालय सेवा नपुगेका खोप केन्द्र रहेका भवनहरुमा शौचालय निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४२. आयुर्वेद स्वास्थ्य सेवा प्रवर्द्धन तथा विस्तारका लागि आवश्यक व्यवस्था गरेको छु ।

४३. समग्रमा स्वास्थ्य क्षेत्रको विकासको लागि रु. ४५लाख विनियोजन गरेको छु।

**शिक्षा तर्फ,**

४४. सहिदभूमि गाउँपालिकाको स्थानीय पाठ्यक्रम "**सहिदभूमि गाथा**" लेखन तथा छपाईको लागि रु ४ लाख रुपैँया विनियोजन गरेको छु ।

४५. गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विद्युतीय हाजिरी व्यवस्थापन गर्न विद्युतीय हाजिरी जडानका कार्यक्रमका लागि रु २ लाख ५० हजार विनियोजन गरेको छु।

४६. स्थानीय भाषाको संरक्षण, संवर्धन तथा प्रोत्साहन गर्नका लागि मातृभाषा शिक्षण कार्यक्रमलाई निरन्तरता दिदै रु १६ लाख ६० हजार बिनियोजन गरेको छु।

४७. बालविकास, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुका लागि स्थानीय तहबाट थप हुने गरी रु ९४ लाख ७० हजार रुपैयाँ विनियोजन गरेको छु।

४८. गाउँपालिकाका बिद्यार्थीहरुलाई **प्राविधिक विषय अध्ययन प्रोत्साहन** गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ । सोका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४९. शिक्षकहरुको पेशागत विकास, क्षमता विकास तालिम तथा कार्यशालाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५०. विद्यार्थी दिवा खाजा कार्यक्रमलाई कक्षा ६ सम्म विस्तार गरी सो का लागि आवश्यक वजेट विनियोजन गरेको छु।

५१. विद्यालयको आन्तरिक व्यवस्थापन र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न प्रभावकारी अनुगमन नियमनको आवश्यक व्यवस्था मिलाईनेछ।

५२. ह्युमन प्राक्टिस फाउनडेसन सँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माणका लागि रु ७७ लाख ७० हजार बजेट व्यवस्था गरेको छु।

५३. विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने नाराका साथ राष्ट्रपति रनिङग प्रतियोगिताका लागि रु ४ लाख विनियोजन गरिएको छ ।

५५. समग्रमा शिक्षा विकास कार्यक्रम तर्फ रु १करोड ६२ लाख ५०हजार बजेट विनियोजन गरेको छु।

**सहकारी तर्फः**

५६. सहकारी संस्थाहरुको व्यवस्थापन, अभिमुखीकरण तथा अन्तर्क्रिया तथा छलफलको लागि आवश्यक व्यवस्था मिलाइनेछ । सहकारी क्षेत्र तर्फ रु ४ लाख विनियोजन गरेको छु ।

**युवा तथा खेलुकद तर्फ :**

५७. **"सक्षम खेलाडी प्रतिस्पर्धी खेलकुद"** भन्ने सहिदभूमिको नारा तथा **"राष्ट्रका लागि खेलकुद ,स्वास्थ्यको खेलकुद"** भन्ने राष्ट्रिय नीतिलाई स्थापीत गर्न खेलकुद पूर्वाधार तथा खेलकुद प्रवर्द्धन कार्यक्रमका लागि रु. ४५ लाख विनियोजन गरेको छु ।

**रोजगार कार्यक्रम तर्फ :**

५८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गर्नका लागि पालिकाको तर्फबाट रु१२ लाख विनियोजन गरेको छु ।

**उद्यम विकास तर्फ**

५९. उद्यमशिलता विकासका लागि प्राविधिक सीप विकास गर्न, प्रविधी हस्तान्तरण गर्न, वित्तिय सेवामा पहुँच विस्तार गर्न तथा उत्पादनहरुको बजारीकरण गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

**न्यायिक समिति तर्फ :**

६०. **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने नाराका साथ टोल स्तरीय साक्षरता तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नका लागि रु २ लाख ५० हजार विनियोजन गरेको छु ।

६१. न्यायमा नागरिकहरुको पहुँच पुर्याउन तथा सबैमा कानूनी सचेतना पुर्याउनका लागि आवश्यक व्यवस्था गरिनेछ । विद्यार्थीहरु सँग कानूनी साक्षरता सम्बन्धी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६२. न्यायिक समितिको काम कारवाहीको प्रभावकारिताको लागि अन्य स्थानीय तह, अर्ध न्यायिक तथा न्यायिक निकायहरुसँग समन्वय तथा सहकार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**पर्यटन** :

६३. पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्द्धन गर्न ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको दिगो संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

६४. सहिदभूमि गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको **पाताल सहिद स्मारक पार्क**को प्रवेशद्धार मर्मत तथा रङ्गरोगनको आवश्यक व्यवस्था गरिनेछ ।

६५. गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार एवम् प्रवर्द्धनको आवश्यक व्यवस्था मिलाइनेछ ।

६६. पर्यटन पूर्वाधार एवम् प्रवर्द्धनका लागि रु २० लाख विनियोजन गरेको छु ।

**पूर्वाधार तर्फ :**

६७. **गाउँसभा सदस्य पूर्वाधार कार्यक्रम** अन्तर्गत एक गाउँसभा सदस्य एक लाखको कार्यक्रम सञ्चालन गर्नको लागि रु. ३८ लाख विनियोजन गरेको छु।यस कार्यकम अन्तर्गत भौतिक पूर्वाधार सम्बन्धी आयोजना सम्बन्धित गाउँसभा सदस्यले छनौट गरेपछि कार्यान्वयन हुने व्यवस्था गरेको छु।

**सडक पूर्वाधार** :

संघीय सरकारको समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने सुकेआहाल — पोक्ला- हाङखा — थलथले सडक आयोजनाका लागि रु २ करोड २० लाख विनियोजन गरेको छु ।

६८. प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने सुकेआहाल — माम्फिङ — माङतिङ्ग सडक आयोजनाको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

६९. सेतीचोक- हाङ्गुवा-संविधान सभा चौतारो सडक, साम्बुगाउँ अरुण गुठी सडक,छारागाउँ -च्यापरुङ्ग – कुभाङ -छेरेलुङ्ग, सामाजिक उत्थान ग्रामिण सडक, हेमाङचाला धाराखमा माम्फीङ सडक, सुकेआहाल पोक्ला ठुलो गाउँ चाम्चा ग्रामिण सडक, गौरी साल्बोटे ग्रामिण सडक लगायतका सडकहरुको विस्तार तथा स्तर उन्नतीको लागि आवश्यक रकम विनियोजन गरेको छु।

७०. स्थानीय सरकार मार्फत पालिकाको स्रोतबाट संचालन गरिने सडक योजनाका लागि रु १ करोड २६ लाख विनियोजन गरेको छु।

**भवन तर्फः**

७१. बिशेष अनुदान तर्फ छिन्ताङ- साम्बुगाउँ (कागुने) स्वास्थ्य चौकी भवन निर्माणका लागि रु ९५ लाख विनियोजन गरेको छु।

७२. मितेरी युवा क्लब भवन निर्माण, शुक्रकेशर सतसंघ भवन निर्माण, ३ नं. वडा कार्यालय घेराबारा, हिमायती अधुरो कृषि भवन निर्माण, हेमाङचाल बहुउद्देश्यीय सामुदायिक भवन, माम्फिङ्ग सामुदायिक भवन, ७ नं. वडा कार्यालय भवन कम्पाउण्ड घेराबारा लगायतका भवनहरुको व्यवस्थापनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

७३. आगामी आर्थिक बर्षमा आवास तथा भवन निर्माण तर्फ रु ७९ लाख रुपैंया विनियोजन गरेको छु।

**खानेपानी तर्फ** :

७४. खानेपानी तर्फ आगामी आर्थिक बर्षको लागि जुकेनी —हाङ्गुवा- घंघरु खानेपानी आयोजना, चोङरोङ आरिहाङटोल खानेपानी आयोजना, कर्मा धारा सुभारा टोल खानेपानी आयोजना, लुनेधारा खानेपानी आयोजना, ओडारे खानेपानी पाइप तथा ट्याङ्की निर्माण, भालुखोला चाम्चा टप्पुदेवी थान खानेपानी आयोजना लगायतका आयोजनाहरुका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७५. आगामी आर्थिक बर्षमा खानेपानी आयोजना व्यवस्थापन तर्फ रु ३५लाख विनियोजन गरेको छु ।

**सिंचाई तर्फः**

७६. संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्ने गरि साना सिंचाई कार्यक्रम अन्तर्गत सिंचाई योजनाहरुका लागि रु २८ लाख ८० हजार रुपैंया विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्य ज्यूहरु,**

अब म आर्थिक तथा सामाजिक रुपले पछि परेका महिला, दलित, अपांग, जेष्ठ नागरिक, युवा, आदिवासी जनजाती लगायतका लक्षित समुदाय तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

७७. महिलाहरुको हक अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्न, क्षमता विकास र सशक्तिकरण गर्न, लैङ्गिक र घरेलु हिंसा नियन्त्रण गर्न तथा उद्यमशिलता प्रवर्द्धन गरी समतामूलक समाज निर्माण गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

७८. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा कुरिती विरुद्धको कानूनी सचेतना कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७९. महिला समूहहरुलाई प्रविधी हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि रु ५ लाख विनियोजन गरेको छु ।

८०. प्रजनन स्वास्थ्य तथा पोषण कार्यक्रम, एकल महिला लक्षित कार्यक्रम, जेसी परीक्षण तथा महिला समूहहरुको सीप विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८१. महिला विकास तर्फ रु १९ लाख विनियोजन गरेको छु ।

८२. असहाय वालवालिकालाई प्रत्साहन गर्न तथा बाल बिकासहरुमा आवश्यक सामाग्री वितरण गर्नका लागि आवश्यक प्रबन्ध गरेको छु ।

८३. बाल क्लव/ बाल सञ्जाल गठन तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८४. आदिवासी जनजातीहरुको लागि सीप विकास तालिमका लागि रु ३ लाख विनियोजन गरेको छु ।

८५. **"सुसंस्कार हाम्रो पहिचान : बृद्धबृद्धालाई सम्मान"** भन्ने नाराका साथ जेष्ठ नागरिकहरुको योगदान र भूमिकाको सम्मान तथा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८६. **"विपन्नसँग अध्यक्ष कार्यक्रम"** अन्तर्गत आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार तर्फका आयोजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार स्थानीय कानून बमोजिम छनौट गर्दै कार्यान्वयन गर्नको लागि रु. ४० लाख विनियोजन गरेको छु।

८७. दलित समुदायका लागि सचेतना एवं आयआर्जनमूलक कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८८. अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क स्वास्थ्य जाँच शिविर एवं निःशुल्क छात्रवृतिको व्यवस्था गरिनेछ। अपाङ्गता पुनर्स्थापना कार्यक्रमका लागि रु २० लाख विनियोजन गरेको छु ।

८९. सहिदभमि गाउँपालिकाको आदिवासी तथा अन्य विभिन्न जातजातीहरुको परम्परा देखी चलिआएको ज्ञान, सिप, कला, संस्कृतिको संरक्षण गर्नको लागि रु १३ लाख वजेट विनियोजन गरेको छु।

९०. महिला, बालबालिका आदिवासी जनजाती, दलित, पछाडी परेका वर्ग तथा समुदायको समावेशीकरण तथा लक्षित कार्यक्रमको **लागि कुल रु.** ४९ लाख विनियोजन गरेको छु।

९१. वन, वातावरण तथा जैविक विविधता संरक्षणको लागि रु ६ लाख विनियोजन गरेको छु ।

९२. विपद्ले सिर्जना गर्न सक्ने जोखिम न्यूनिकरण गर्न तथा विपद व्यवस्थापनका **लागि रु** ४ लाख विनियोजन गरेको छु।

९३. वातावरणको महत्व तथा वातावरणीय संवेदनशिलता प्रति सचेतना जगाउन वातावरण दिवस मनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि पालिकाका विभिन्न स्थानहरुमा डस्टविन व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्य ज्यूहरु,**

९४. सँस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकासका लागि **रु १०** लाख बजेट विनियोजन गरेको छु।

९५. न्यायिक समिति सचिवालय व्यवस्थापन एवं क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

९६. मानव संशाधन विकास, सेवा प्रवाहमा सूचना प्रविधीको प्रयोग तथा विस्तारको आवश्यक व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९७. पुंजीगत अनुसन्धान तथा विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९८. कर्मचारी उत्प्रेरणा तथा विभिन्न पालिकाहरुको असल अभ्यासको अनुकरण, सिकाई तथा यस गाउँपालिकाको नवीन अभ्यासहरुको अनुभव साटासाट गर्नका लागि पर्यटन काजको व्यवस्था मिलाइनेछ ।

९९. सार्वजनिक उत्तरदायित्व तथा जवाफदेयिता प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजानिक परीक्षण तथा सामाजिक परीक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

अव म आगामी आर्थिक बर्ष २०८१/८२ मा यस गाउँपालिकालाई प्राप्त हुने स्रोत र सो को विनियोजन बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

१००. आगामी आर्थिक बर्ष २०८१/८२ मा आय तर्फ आन्तरिक आयबाट रु ७० लाख रुपैंया, राजश्व बाँडफाँडबाट रु ८ करोड ११ लाख रुपैंया, घरजग्गा रजिष्ट्रेशन दस्तुर, बन रोयल्टी र सवारी करको बाँडफाँडबाट रु ३१ लाख ११ हजार, संघीय सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपुरक गरी एकमुष्ट रु ३२ करोड ८३ लाख ४७ हजार त्यस्तै गरी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त र समपुरक अनुदान गरी एकमुष्ठ रु २ करोड ४९ लाख र चालु आ.व. को अनुमानित नगद मौज्दात रु ४ करोड २७ लाख गरी जम्मा रु ४८ करोड ९२ लाख रुपैंया हुने अनुमान गरेको छु ।

१०१. आगामी आर्थिक बर्षको व्यय तर्फ निम्नानुसार हुने प्रक्षेपण गरेको छु चालु तर्फ रु ३३ करोड ४४ लाख ८१ हजार ७८० रुपैयाँ अर्थात कुल विनियोजनको ६८.०२ प्रतिशत तथा पूँजिगत तर्फ रु.१५ करोड ६४ लाख ४९ हजार २२० रुपैयाँ अर्थात कुल विनियोजनको ३१.९८ प्रतिशत गरी कुल रु ४८ करोड ९२ लाख ३१ हजार रुपैंया हुने प्रक्षेपण गरेको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरु,**

१०२. चालु आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेटको समिक्षाका साथै आगामी आ.ब.२०८१/८२ को कार्यक्रम तथा बजेट प्रस्तुत भए संगै गाउँपालिकाको योजना तथा बजेटको सफल कार्यान्वयन हुनु अति आवश्यक छ। योजना तथा बजेटको कार्यान्वयन गर्दा त्यसको गुणस्तर, पारदर्शिता र जवाफदेहिता पनि संगै आउने विषय भएकोले गाउँपालिकाको योजना कार्यान्वयनमा यस्ता बिषयलाई ध्यान दिनुपनि उतिकै आवश्यक छ। यस्ता चुनौतिहरुलाई पार गर्दै आगामी वर्षको योजना तथा कार्यक्रम सफल बनाउन गाउँसभाका सदस्य, कर्मचारी वर्ग र स्थानीय उपभोक्ताहरुको भूमिका महत्वपूर्ण हुने भएकोले सोही बमोजिम यहाँहरुको सहयोगको अपेक्षा गरेको छु।

१०३. विकासका लागि भएको खर्चको प्रगति भन्द पनि विकासले आम नागरिकको जनजीविकामा कति सकारात्मक प्रभाव पर्यो भन्ने विषय महत्वपूर्ण हुन्छ। त्यतिकै महत्वपूर्ण विकासबाट प्राप्त लाभहरुको समन्यायिक ढंगले वितरण मार्फत सामाजिक न्याय कायम गर्नु हुन्छ। यस गाउँपालिकाको दीर्घकालिन सोच **"सहिदभूमिको समृद्धि :शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** लाई आत्मसाथ गर्दै समृद्ध सहिदभूमि बनाउने स्थानीय सरकारको

अभियानमा सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै गाउँबासीमा सहकार्य र सहयोगको अपिल गर्दछु।

**अन्त्यमा,**

**दोस्रो गाउँसभाको पाँचौं अधिवेशनको दोस्रो वैठकको** यस विशेष अवसरमा गाउँसभाका सदस्य ज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारी वर्ग, सञ्चारकर्मी, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जनबृन्दमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

**रत्नश्वरी राई**
**उपाध्यक्ष**
जय सहिदभूमि
धन्यवाद !
ईति सम्वत २०८१ असाढ ०९ गते
नेपाल संवत् ११४४ तछलागा १, आइतबार ।

## सहिदभूमि गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१

*प्रमाणीकरण र प्रकाशन मिति २०८१/०३/१४*

**प्रस्तावना:**

सहिदभूमि गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर, भाडा आदि संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सहिदभूमि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि सहिदभूमि गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. एकिकृत सम्पत्ती कर/ सम्पत्ती तथा भूमिकर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ती कर/ सम्पत्ती तथा भूमिकर लगाइने र असूल उपर गरिनेछ।

**३. घर जग्गा बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**४. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरी सडकको प्रयोग गरे वापत अनुसूचि (४) बमोजिमको कर लगाइने र ठेक्का आवाहान गरी अधिकतम बोल कबोललाई मान्यता दिई ठेक्का लगाई असूल उपर गरिनेछ।

**६. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो को कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**७. विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ ।

**११. सेवा शुल्क तथा दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१२. न्यायिक दस्तुर :** गाउँपालिकाको न्यायिक समितिमा विवाद समाधानका लागि निवेदन दिए बापत गाउँसभाले तोके बमोजिमको दस्तुर लिइनेछ ।

**१३. व्यक्तिगत घटना दस्तुर :** व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता हुन आएमा निःशुल्क दर्ता भएतापनि उक्त समयवधी पछि व्यक्तिगत घटना दर्ता गर्न आउनेलाई जरिवाना स्वरुप विलम्ब शुल्क असुल गरिनेछ ।

**१४. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएको व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन तर कुनै पनि किसिमको प्राकृतिक प्रकोप, सुख्खा खडेरी वा विपद्को समयमा गाउँसभालले निर्णय गरि कुनै पनि किसिमको छुट घोषणा गर्न बाधा पर्ने छैन ।

**१५. निर्देशिका, कार्यविधी वा मार्गदर्शन बनाउन सक्ने :**(१) यस ऐनको कार्यान्वयन गर्न सहिदभूमि गाउापालिकाको गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधी वा मार्गदर्शन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशिका, कार्यविधी वा मार्गदर्शन स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**१६. आवश्यक व्यवस्था गर्न सक्ने :**(१) यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा उत्पन्न भएमा सहिदभूमि गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

## अनुसूचि १

सहिदभूमि गाउँ कार्यपालिकाको आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकिकृत सम्पत्ति कर/ सम्पत्ति तथा भूमिकरको दररेट

### १. एकिकृत सम्पत्ती कर/ सम्पत्ती तथा भूमिकरको दररेट

### १.१) (क) व्यापारिक क्षेत्रको भूमिको वर्गिकरण :

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ | त्रिवेणी पूल देखि खुमेटोल सम्म | ३ लाख |
| | सिम्ले स्कूल देखि सिम्ले पुल सम्म | १ लाख ८० हजार |

| | | |
|---|---|---|
| | सुभारा टोल देखि पुमाखोला सम्म घंघरु | २ लाख |
| | धाप : ट्रान्सफर्मर देखि खत्री खोला | ३ लाख |
| | सफाई : सुब्बा चोक देखि पुल जाने सम्म | ३ लाख |
| २ | साम्बुगाउँ : कविरचोक देखि वडा कार्यालय सम्म | ५ लाख |
| | अखुवाटार : पुलको जग देखि भण्डारी चोक आसपास | ३ लाख |
| ३ | सिमभ्रांगमा खोला देखि मन्दिर माथिको देउराली सम्म | ६ लाख |
| | पंचकन्याको अन्तिम मोड देखि धारा सम्म | ५ लाख |
| | पंचकन्या चौक देखि वडा कार्यालय आसपास | ५ लाख |
| | डाडागाउँ लप्सी चौक देखि लामटोङ्खा चौक | ३ लाख |
| ४ | पिप्ले मेत्ना चोक देखि खोकु जाने वाटोको मोड सम्म | ८ लाख |
| | खोकु जाने मोड देखि पुरानो पंचकृष्ण आसपास | ३ लाख |
| ६ | सुकेआहाल : चट्टान डाँडा देखि बुढो बरको रुखसम्म | ५ लाख |
| | थलथले : मभ्रियाटोल जाने बाटो देखि नेताचोक आसपास | १० लाख |
| | नेता चौक देखि विदाई चौक सम्म | ५ लाख |
| | थलथले बाट चाम्चा जाने सडक ३०० मीटर सम्म | ३ लाख |
| ७ | साप्तिंगटार : सिद्धटोल देखि माभ्रीटोल सम्म | ३ लाख |

माथि उल्लेखित व्यवसायिक क्षेत्र माथि सडकको दायाँ वायाँ एक रोपनी वा १०० मीटरसम्म उल्लेखित दर कायम रहने छ ।

**(ख) आवासीय क्षेत्रको भूमिको वर्गीकरण :**

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ देखि ७ सम्म | (क) हिले छिन्तांङ त्रिवेणी सडकले छोएका दायाँ बाँया आवासीय क्षेत्रहरु | २ लाख |
| | (ख) फुंङ्सुवा देखि त्रिवेणी हुदै अखुवाटार सम्म | २ लाख |
| | (ग) माथि उल्लेख गरिए बाहेकका मुख्य सडकले छोएर गएका सडकका वस्ती तथा आवासीय क्षेत्रहरु | १ लाख |
| | (घ) माथि उल्लेख गरिए बाहेक सहायक सडकले छोएर गएका सडकका वस्ती तथा आवासीय क्षेत्रहरु | ७० हजार |

माथि उल्लेख गरिएको दररेट सडकको क्षेत्राधिकार वाहेक दाया बायाँ एक रोपनी वा ५० मीटर सम्मको लागि कायम हुनेछ ।

**(ग) कृषि क्षेत्रको भूमिको बर्गिकरण :**

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ देखि ७ सम्म | व्यवसायिक क्षेत्रको एक रोपनी वा १०० मिटर बाहेकको जग्गा | १ लाख |
| | आवासीय क्षेत्रको (क) र (ख) को क्षेत्रको एक रोपनी वा ५० मीटर वाहेकको जग्गाहरु | ७५ हजार |
| | आवासीय क्षेत्रको (ग) र (घ) क्षेत्रको ५० मीटर बाहेकको जग्गाहरु | ५० हजार |

**(घ) वन, भिरपाखा, बगर क्षेत्रको भूमिको वर्गीकरण :**

| वडा नं. | स्थानको नाम | **मुल्यांकन दररेट (प्रति रोपनी)** |
|---|---|---|
| १ देखि ७ सम्म | वनक्षेत्र, भिरक्षेत्र, पहिरो क्षेत्र, बगरक्षेत्र | २० हजार |

**१.२) भवन तथा घर बापत सम्पत्ती करको वार्षिक दर :**

| सि.नं. | घरको आकार प्रकार बनौट | मुल्यांकन दररेट |
|---|---|---|
| १ | फुसको घर | २५ हजार |
| २ | ढुंगाको ग्राहो, टिनको छानो भएको घर | २ लाख ५० हजार |
| ३ | ईटाको ग्राहो, टिनको छाना | ५ लाख |
| ४ | छत ढलान घर ५०० वर्ग फिट सम्म | १० लाख |
| ५ | छत ढलान घर १००० वर्ग फिट सम्म | १२ लाख |
| ६ | छत ढलान घर २००० वर्ग फिट | १४ लाख |
| ७ | छत ढलान घर ३००० वर्ग फिट | १६ लाख |
| ८ | छत ढलान घर ३००० भन्दा माथि | १८ लाख |

**१.३) सम्पत्ती तथा भूमिकरको मुल्यांकन अनुसार वार्षिक करको दर :**

| क्र.स. | मुल्यांकन रकम | | वार्षिक कर रू. |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ रुपैया | १ लाख | २५ |
| २ | १ लाख १ | २ लाख | ४० |
| ३ | २ लाख १ | ३ लाख | ५५ |
| ४ | ३ लाख १ | ४ लाख | ७० |
| ५ | ४ लाख १ | ५ लाख | ८५ |
| ६ | ५ लाख १ | ६ लाख | १०० |
| ७ | ६ लाख १ | ७ लाख | १२० |
| ८ | ७ लाख १ | ८ लाख | १५० |
| ९ | ८ लाख १ | ९ लाख | २०० |
| १० | ९ लाख १ | १० लाख | २५० |
| ११ | १० लाख १ | १२ लाख | ३०० |

| | | | |
|---|---|---|---|
| १२ | १२ लाख १ | १४ लाख | ३५० |
| १३ | १४ लाख १ | १६ लाख | ३५० |
| १४ | १६ लाख १ | १८ लाख | ४०० |
| १५ | १८ लाख १ | २० लाख | ४५० |
| १६ | २० लाख १ | २२ लाख | ५०० |
| १७ | २२ लाख १ | २४ लाख | ६०० |
| १८ | २४ लाख १ | २६ लाख | ७०० |
| १९ | २६ लाख १ | २८ लाख | ८०० |
| २० | २८ लाख १ | ३० लाख | १००० |
| २१ | ३० लाख १ | ३४ लाख | १२०० |
| २२ | ३४ लाख १ | ३८ लाख | १४०० |
| २३ | ३८ लाख १ | ४२ लाख | १६०० |
| २४ | ४२ लाख १ | ४६ लाख | २००० |
| २५ | ४६ लाख १ | ५० लाख | २४०० |
| २६ | ५० लाख १ | ६० लाख | ३००० |
| २७ | ६० लाख १ | ७० लाख | ४००० |
| २८ | ७० लाख १ | ८० लाख | ६००० |
| २९ | ८० लाख १ | ९० लाख | ८५०० |
| ३० | ९० लाख १ | १ करोड | १२००० |
| ३१ | १ करोड १ | १ करोड २० लाख | १५००० |
| ३२ | १ करोड २० लाख १ | १ करोड ४० लाख | १८००० |
| ३३ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | २०००० |
| ३४ | १ करोड ६० लाख १ | १ करोड ८० लाख | २३००० |
| ३५ | १ करोड ८० लाख १ | २ करोड | २६००० |
| ३६ | २ करोड १ | २ करोड ५० लाख | ३०००० |

| | | | |
|---|---|---|---|
| ३७ | २ करोड ५० लाख १ | ३ करोड | ३५००० |
| ३८ | ३ करोड १ | ३ करोड ५० लाख | ४०००० |
| ३९ | ३ करोड ५० लाख १ | ४ करोड | ५०००० |
| ४० | ४ करोड १ | ४ करोड ५० लाख | ६०००० |
| ४१ | ४ करोड ५० लाख १ | ५ करोड | ७०००० |
| ४२ | ५ करोड १ रुपैया देखि माथि २ (दुई रुपैया) प्रति हजार | | |

**१.४) सम्पत्ति कर तथा भूमिकर मूल्यांकन र ह्रास कट्टीका आधारहरु :**

**१.** उल्लेखित प्रयोजनका लागी घडेरीमा अधिकतम एक रोपनी गणना गर्न एकजना व्यक्तिको एउटा कित्ता वा धेरै कित्तासंगै टाँसिएका हकमा लागुहुनेछ तर एउटा वडामा वा भिन्न-भिन्न वडामा फरक-फरक स्थानमा सडकसंग जोडिएको जग्गा भए उल्लेख भए मुताबिक गणना गरिनेछ ।

**२.** खोला बगर भन्नाले व्यक्तिको स्वामित्व भएको जग्गामा खोला पसी/बगी हाल खेति नभइरहेको वा अत्यन्त न्यूनमात्र खेतिहुने वा खेति योग्य बनाउन ठुलो लगानी आवश्यक पर्ने जग्गा भनी सम्झनु पर्छ ।

**३.** वगर,भिरपाखामा घर भएकोमा एक रोपनी जमिनलाई घर भएको घडेरी मानी कृषिक्षेत्रको ग वर्गको मुल्यांकन गरी बाकी सबै जमिनलाई वगर,भिरपाखा अन्तर्गतको जुनस्तरमा पर्छ सोही मुताबिक कर गणना गरिनेछ ।

**४.** माथि उल्लेखित जुनसुकै क्षेत्रमा सडक छोएको जमिनको कर गणना गर्दा एक रोपनी वा १०० मिटर सम्मको जग्गाको हकमा सबै घडेरी मानी कर गणना गरिनेछ ।

**५.** माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि व्यवसायिक रुपमा प्रचलित कानुन बमोजिम घडेरीको कारोबार हुने/भएका जग्गालाई घडेरीको रुपमा कर गणना गर्ने ।

**६.** दुई वा सो भन्दा बढी सडकले छोएको ७ रोपनी भन्दा बढीको जग्गामा दुबै तर्फबाट घडेरी मानी उल्लेख भए बमोजिम गणना गर्ने ।

**७.** व्यक्तिको स्यवंकर निर्धारणमा बढी मुल्य भए सोही बमोजिम अन्यथा कार्यालयले तोके बमोजिम दररेट मार्फत कर असुली प्रकृया अपनाइने ।

**८.** यस गाउँपालिकाबाट माथि उल्लखित सम्पत्ती तथा भूमिकर लागू हुनुपुर्व सम्पत्ती तथा भूमिकर बुझाउन बाँकीको हकमा साविकको दरलाइ समेत यसै बर्ष ०८१।८२ देखि कायम हुने दररेट संग समायोजन गरी कर असुल उपर गरिनेछ ।

## अनुसूचि २

**१. घर जग्गा बहाल करको दररेट :**

| क्र.स. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रमा आफ्नो नाम वा स्वामित्वमा रहेको घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा यस्तै प्रकारका संरचना पुरै वा आशिंक रूपमा बहालमा दिएमा सम्बन्धित घरधनीबाट वा बहाल सम्झौताबाट लिने बहालकर | १०% |

## अनुसूचि ३

**३. व्यवसाय कारोवारको बार्षिक करको दररेट**

**३.१) व्यापारिक वस्तु :**

**(क) चूरोट, रक्सी र ज्वेलरी खरिद एवं विक्री :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | १ लाख देखि ५ लाख सम्म | १०००।०० |
| २ | ५ लाख देखि ३० लाख सम्म | २५००।०० |
| ३ | ३० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ७०००।०० |

**(ख) क्यामारा, टेलिभिजन, चश्मा, मोवाईल तथा अन्य विद्यूतीयसामाग्री जस्तै (सि.डि.प्लेयर, कम्प्यूटर, विद्यूतसामाग्री, हार्डवेयरसामाग्री विक्री आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ५ लाखसम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ६०००।०० |

**(ख.१) मोटरसाइकल, कार जीप, ट्याक्टर विक्री, अटोमोवाइल्स, मोटरपार्टस्, मोविल एवं ग्रिज विक्री, कृषि सामाग्री औजार, मिलमेशिनरी आदि।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ५ लाखसम्म | १५००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २५००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ७०००।०० |

(ग) **दैनिक खाद्यपदार्थ, किराना, कितावकपी स्टेशनरी सामान, किराना, मिठाई, दाउराविक्री, दहीदूध, उपहार, मलविउ, गाईदाना, चोकर, कूखूरादाना, पशूपंक्षी आहार आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | १ लाखसम्म | ७००।०० |
| २ | १ लाख देखि ५ लाख सम्म | १५००।०० |
| ३ | ५ लाख देखि १० लाख सम्म | २०००।०० |
| ४ | १० लाख देखि २० लाख सम्म | ३०००।०० |
| ५ | २० लाख देखि माथी | ५०००।०० |

(घ) **कोल्डड्रिंक्स, रिल विक्री, सिसा फ्रेमि□, जनरल गूड्स आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | १ लाखसम्म | ७००।०० |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।०० |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५००।०० |
| ४ | १० लाख देखि २० लाख सम्म र | ३०००।०० |
| ५ | २० लाख देखि माथी | ५०००।०० |

(ङ) **सूतिकपडा, रेडिमेड कपडा**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ५ लाखसम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ३०००।०० |
| ४ | १ करोड देखि माथि | ५०००।०० |

३.२) **विशेषज्ञ सेवा :**

(क) **चिकित्सक, अहेव, कविराज, होमियोपेथिक, आर्यूवेदिक, पशू डाक्टर, भेटरीनरी, औषधी, सर्जिकल आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | एम.डि. गरेको डाक्टरलाई | २०००।०० |
| २ | एम.वि.वि.एस डाक्टर र पशूडाक्टरलाई | १२००।०० |
| ३ | पशू सहायकलाई | ५००।०० |
| ४ | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर लाई | १०००।०० |
| ५ | सर्जिकल सामान खुद्रालाई | १५००।०० |
| ६ | भेटरीनरी औषधी खुद्रालाई | १०००।०० |
| ७ | औषधीपसल खूद्रालाई | १०००।०० |

| | | |
|---|---|---|
| ८ | औषधीपसल थोकलाई | ३०००।०० |
| ९ | भेटनरी औषधीपसल थोकलाई | १५००।०० |
| १० | सर्जिकल सामान थोकलाई | ३५००।०० |
| ११ | गैरसरकारी अस्पताल, नर्सिंग होम | ५०००।०० |
| १२ | ल्याव, एक्सरे क्लिनिक, प्रयोगशाला | २०००।०० |
| १३ | भिडियो एक्सरे सेवा | २०००।०० |
| १४ | कविराज, होमियोपेथिक, आर्यूवेदिक अहेबलाई | ३००।०० |
| १५ | बूटिक पसल, कपडामा बूट्टा गर्ने | ७००।०० |
| १६ | शारिरीक ब्यायाम सामाग्री विक्रि | १५००।०० |

**(ख) टेलीचलचित्र तथा बृतचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, यातायात, सर्वेयर, अनूवादक, छापाखाना, प्रेस, स्क्रीनप्रिन्टर्स आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ५ लाखसम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ३०००।०० |
| ४ | १ करोड देखि माथि | ६०००।०० |

**(ग) केवल नेटवर्क**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ५०० सम्म ग्राहक भएको | ५०००।०० |
| २ | ५ सयदेखि १ हजारसम्म ग्राहक भएको | ७०००।०० |
| ३ | १००० देखि २००० सयभन्दा माथी ग्राहक भएको | १२०००।०० |
| ४ | २००० भन्दा माथि ग्राहक भएको | १५०००।०० |

**(घ) निर्माण व्यवसायी : □घ□ वर्गको निमार्ण व्यवसायी इजाजत दस्तुर र नविकरण**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | इजाजत दर्ता दस्तुर | ७०००।०० |
| २ | नविकरण | ५०००।०० |
| ३ | नविकरण थप□जरिवाना | २०००।०० |
| ४ | प्रतिलीपी | २०००।०० |

(ङ) कानुन व्यवसायी

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००। |
| २ | अधिवक्ता | १५००। |
| ३ | अभिवक्ता | ७००। |
| ४ | अभिकर्ता | ५००। |

(च) लेखापरिक्षक

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | श्रेणी क | ५०००। |
| २ | श्रेणी ख | ३०००। |
| ३ | श्रेणी ग | २०००। |
| ४ | श्रेणी घ | १०००। |

(छ) अन्य फर्म :

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | बिमा एजेन्ट बिदेशी | ३०००। |
| २ | बिमा एजेन्ट स्वदेशी | १५००। |
| ३ | विज्ञापन ऐजेन्सी | १५००। |
| ४ | सेयर दलाल | १०००। |
| ५ | अभिकर्ता | ५००। |
| ६ | कानुनी फर्म | १५००। |

३.३) सञ्चार सेवा :

**एफ.एम. रेडियो, पत्रपत्रिका, निजी क्षेत्रको हुलाक सेवा, टेलिफोन ,फ्याक्स, फोटोकपि ,आइएस टिडि, एस टिडि, कूरियर सेबा, इन्टरनेट कम्प्यूटर सेवा आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | २ लाखसम्म | ७००।०० |
| २ | २ लाख देखि ५ लाख | १२००।०० |
| ३ | ५ लाख भन्दा माथी | २२००।०० |
| ४ | दैनिक पत्रिका | ७००।०० |
| ५ | साप्ताहिक पत्रिका | ५००।०० |
| ६ | एफ.एम.रेडियो प्रसारण | २००००।०० |

३.४) वित्तीय सेवा :

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | निजी वाणिज्य वैक तथा विमा कम्पनी | १०,०००।०० |
| २ | विकास बैंक | १०,०००।०० |
| ३ | फाइनान्स कम्पनी | ८०००।०० |
| ४ | लघुवित्त कारोवार तथा गैरसरकारी वित्तिय कारोवार | ५०००।०० |
| ५ | बचत तथा □ण सहकारी संस्था | ३०००।०० |
| ६ | मनिट्रान्फर कारोवार गर्ने संस्थालाइ | २०००।०० |
| ७ | उपभोक्ता सहकारी, कृषि तथा दुग्ध सहकारी | १०००।०० |

**३.५) शिक्षा सेवा :**

(क) **निजी विद्यालय, क्याम्पस, विश्वविद्यालय, कलेज, ईन्जिनियरिंग आदि ।**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | आधारभूत तह विद्यालय | १५००।०० |
| २ | माध्यमिक तह विद्यालय | ३०००।०० |
| ३ | प्राविधिक शिक्षालय (९–१२ कक्षा सम्मको) | ३०००।०० |
| ४ | विश्वविद्यालय अन्तरगतका क्याम्पस, मेडिकल कलेज, नर्सिंग होम, इन्जिनियरीग कलेज लगायत यस्तै सेवाप्रदायक संस्था | ६०००।०० |

(ख) **अन्य**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, टाइपिंग कम्प्यूटर तथा भाषा प्रशिक्षण, अन्तराष्ट्रिय गैर सरकारी संस्था वाट दिइने शिक्षा सेवा तथा कोचिंग सेन्टर आदि | १०००।०० |

**३.६) पर्यटन सेवा :**

होटल, लज, फास्टफूड, रेष्टूरा, रिसोर्ट, प्लाजा, बोटिं□, स्टीमर, बन्जि, रक क्लाईम्बि□ लगायत आदि ।

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | २ लाखसम्म | १०००।०० |
| २ | २ लाख देखि ५ लाख सम्म | १७००।०० |
| ३ | ५ लाख देखि २० लाख सम्म | ३०००।०० |
| ४ | २० लाख भन्दा माथिको | ६०००।०० |
| ५ | साना क्यासिनो | २००००।०० |

**३.७) अन्य सेवा :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | वैदेशिक रोजगार शाखा र जग्गा व्यवसायी संस्था | ३०००।०० |
| २ | उद्योग, संघसस्था, कलकारखाना आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने र सेक्रेटरियल सेवा | १५००।०० |
| ३ | कलरल्याव | २५००।०० |

| | | |
|---|---|---|
| ४ | विज्ञापन सेवा, ड्राईक्लिनर्स, फोटोस्टुडियो | १०००।०० |
| ५ | व्युटीपार्लर, केशश्रृगार, साईनवोर्ड, पेन्टिङ्ग, सैलून, नर्सरी | ७००।०० |
| ६ | मासू (खसी, कुखुरा, रांगा वा अन्य) खूद्रा विक्रेता | ७००।०० |
| ७ | मासू प्याकेजि□ (खसी, कुखुरा ,रांगा वा अन्य) र पशुबधशाला | १०००।०० |
| ८ | मासू (खसी, कुखुरा, रांगा वा अन्य) थोक विक्रेता | १५००।०० |
| ९ | वैण्ड बाजा | १०००।०० |
| १० | सितभण्डार | ५०००।०० |
| ११ | क्याटरि□ सेवा समेत भएको टेण्ड हाउस | २०००।०० |
| १२ | हाफ क्याटरि□ | १२००।०० |
| १३ | साईवर क्याफे | १०००।०० |
| १४ | खाजा खाना तथा सामाजिक समारोहको प्रयोजन गर्ने | २०००।०० |
| १५ | टेण्ड हाउस मात्र | १०००।०० |
| १६ | कवाडी पसल थोक | ३०००।०० |
| १७ | कवाडी पसल खूद्रा | १०००।०० |
| १८ | ढूवानी सेवा शाखा भएका | ३०००।०० |
| १९ | ढूवानी सेवा शाखा नभएको | १०००।०० |
| २० | खानामात्र विक्री होटल | ७००।०० |
| २१ | १ मेसिन राखी कपडा सिलाई गर्ने (मेसिन थप भएमा १ मेसिन बराबर थप रू १००।) | ७००।०० |
| २२ | खाद्यान्न सम्बन्धी कांटा व्यवसायी | १२००।०० |
| २३ | पेट्रोलियम पदार्थ डिजेल र पेट्रोल दुवै भएको | ५०००।०० |
| २४ | पेट्रोलियम पदार्थ डिजेल वा पेट्रोल एकमात्र मात्र भएको | ३०००।०० |
| २५ | ग्यास विक्री डिलर | १५००।०० |
| २६ | भाडावर्तन, जूत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहनाहरूको खुद्रा विक्रेता र मट्टितेल डिलर | १२००।०० |
| २७ | भाडावर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहनाहरूको थोक विक्रेता | २५००।०० |
| २८ | डिपार्टमेन्ट स्टोर | ३०००।०० |
| २९ | गहनाहरू ज्यालामा बनाउने | १५००।०० |
| ३० | रेडिमेट (निर्माण) फर्निचर सामाग्री विक्री | २०००।०० |

३.८) **मर्मत सेवा :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ट्रेक्टर, बस, ट्रक, हेवी इक्यूवमेन्ट, कार, जीप, सवारी डेन्टिंग पेन्टिंग, हूडसिट, मोटरपार्टस मिलमेशीनरी, एयरकूलर, टायर रिसोलि□ | १५००।०० |
| २ | रेडियो, घडी, टिभि, ग्यास चूल्हो, सेल्स, डाइनोमाइट, फ्रिज, गाडीको पम्प, टायर, ट्यूव प□चर, ग्यास वल्डिग, बक्सा मर्मत गर्ने ,साइकल, | ८००।०० |

| | | |
|---|---|---|
| | रिक्सा, मोटरसाईकल मर्मत, लुगा सिउने मेशिन मर्मत अन्य इलेक्ट्रोनिक्स मर्मत, फोटोकपी सञ्चालन आदि व्यवसायमा | |

**३.९) उद्योग:**

**३.९) (क) उद्योग :**

चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उत्पादनमुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री चकलेट उद्योग, पापड फिज चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झूल तथा पर्दा उत्पादन, धान, गहूँ, चिउरा, मसला, तेल कूटानी पिसानी पेलानी उद्योग, घरेलु कपडा वनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, कृषि फार्म, पशुपालन फार्म, मत्स्य फार्म, कुखुरा तथा पन्छीजन्य फार्म, काठको फर्निचर उद्योग, स्टील दराज उत्पादन, ग्रिल उत्पादन, डोरी, डब्बा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर मिल, काठको मिल, उर्जामुलक उद्योग, प्याकेजिङ लगायत नेपाल सरकारबाट उद्योगको प्रमाणपत्र प्राप्त गरेकाहरू आदि ।

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | २ लाखसम्म | ७००।०० |
| २ | २ लाखदेखि ५ लाखसम्म | १४००।०० |
| ३ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ४ | २० लाख देखि ५० लाखसम्म | ३०००।०० |
| ५ | ५० लाख देखि १ करोड सम्म | ५०००।०० |
| ६ | १ करोड देखि माथि | ८०००।०० |

**३.९) (ख) उद्योग :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | ट्यूबलाईट उद्योग, व्याट्री उद्योग, प्लाष्टिकका सामानहरू उत्पादन गर्ने उद्योग, विडी वनाउने फ्याक्ट्री, साबुन उत्पादन, वियर फयाक्ट्री, वाइन उत्पादन उद्योग, मदिरा उत्पादन उद्योग | ५०००।०० |

**३.१०) अन्य वर्गीकरणमा नखूलेका व्यवसायहरू :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | आलू प्याज, हरियो तरकारी, फलफुल थोक विक्री | १२००।०० |
| २ | खूद्रा तरकारी, चिया, फलफूल, पानपसल, साना घुम्ति पसल, हस्तकला खुद्रा कामगर्ने पसल आदि | ५००।०० |

**३.११) जुनसुकै प्रकारका व्यवसाय वा सवारी साधनको दर्ता र नामसारी दस्तुर**

| सि.न. | विवरण | रकम रू. |
|---|---|---|
| १ | व्यवसायको दर्ता दस्तुर | २० लाख सम्म पुजी भएको रू. ५००।०० र सो भन्दा माथि पुजीको रू.१०००।०० |
| २ | सवारी साधनको दर्ता दस्तुर | ३००।०० |

| | | |
|---|---|---|
| ३ | व्यवसाय नामसारी दस्तुर | ५००।०० |
| ४ | सवारी नामसारी दस्तुर | २००।०० |

## अनुसूचि ४

## जडिबुटी, कवाडी र जीवजन्तु कर

४.१) यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायीक कारोबार गरेवापत वार्षिक रु ५०००। का दरले कर लगाईनेछ र असूल गरिनेछ । कवाडी मालको हकमा वार्षिक रु ३०००। दरले कर लगाईने र असूल गरिनेछ ।

## अनुसूचि ५

## सवारी साधन कर

| सि.न. | विवरण | वार्षिक |
|---|---|---|
| १ | टाँगा, रिक्सा, अटो रिक्सा, ई रिक्सा र पावर ट्रिलर | ५००।०० |

## अनुसूचि ६

## बिज्ञापन करको दररेट

| सि.न. | विवरण | दर रू. |
|---|---|---|
| १ | सार्वजनिक स्थलमा होडिङ बोर्ड, साईन बोर्ड, ग्लो बोर्ड विज्ञापन प्रति व.फि. | १००।०० |
| २ | सार्वजनिक स्थलमा वाल पेन्ट विज्ञापन प्रति व.फि. | १०।०० |
| ३ | सार्वजनिक स्थलमा ब्यानर, फ्लेक्स बोर्ड विज्ञापन (बढिमा १ महिना सम्मको लागि) प्रति गोटा | ५००।०० |
| ४ | माईकिङ्ग प्रचारप्रसार विज्ञापन (व्यवसायिक प्रयोजन) प्रति दिन | २००।०० |
| ५ | सार्वजनिक स्थलमा स्टल राखि प्रचारप्रचार विज्ञापन (व्यवसायिक प्रयोजन) प्रति दिन | १०००।०० |
| ६ | डिजिटल डिस्प्ले वा बोर्ड, एल.ई.डि.(LED) बोर्ड विज्ञापन वार्षिक | २०००।०० |
| ७ | अन्य प्रचार सामाग्रीको हकमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। | |

(क) सार्वजनिकहित एवं जनहितका लागि जारी गरिएको सूचनाको प्रचारप्रसारमा विज्ञापन कर लिन पाइने छैन।

(ख) गाउँपालिकामा व्यवसाय दर्ता गरी आफ्नो व्यवसायको पहिचानको लागि राखिएको परिचयपाटीमा विज्ञापन कर लाग्ने छैन।

(ग) विज्ञापन प्रचार गर्दा अवैधानिक तथा प्रतिबन्ध गरिएका विज्ञापन सामाग्री प्रचारप्रसार गर्न पाईने छैन ।

## अनुसूचि ७

## मनोरञ्जन कर

(क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, नाचघर, दोहोरी संगित तथा मनोरञ्जन सामाग्रि पर्यटकीय स्थल, प्रदर्शन स्थलको प्रवेश शुल्कमा रू २।०० का दरले मनोरञ्जन कर लगाउने ।

(ख) जादु, सरकश, चटक र मेला, आयोजना स्थल आदिमा मनोरञ्जन कर बापत प्रतिदिन रू. १५००।०० लगाउने ।

(ग) अन्य मनोरञ्जनसंग सम्बन्धित सामाग्री प्रदर्शन एवं संचालनमा क्षेत्रको लागि गाउंपालिकाले तोके बमोजिम कर असुल गरिनेछ ।

## अनुसूचि ८

## बहाल बिटौरी शुल्क

दैनिक गुद्रि/हाटबजार/साप्ताहीक हाट बजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रति दिन तथा गोटा देहायका दरले शुल्क लाग्नेछ ।

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | **माछा, मासु विक्रि सम्बन्धि** | |
| | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | १००।- |
| | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १५०।- |
| | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | २००।- |
| | माछा विक्रि गर्ने पसल | २५।- |
| २ | **कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा** | |
| | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | ७५।- |
| | जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | ५०।- |
| | जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | २५।- |
| | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५।- |
| ३ | **तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा** | |
| | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | १५।- |
| | साग सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | ५।- |
| | डोको वा भारमा सव्जी ल्याई बेच्ने | ५।- |
| | सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | ३०।- |

| | | |
|---|---|---|
| | सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | १५।- |
| | फलफूल सागसव्जी प्रति डोका | १०।- |
| | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | १०।- |
| ४ | **खाद्यान्न सँग सम्बन्धित** | |
| | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्रि गर्ने पसल | १०।- |
| | मकै पोलेर बेच्ने | ५।- |
| | किराना पसल | १५।- |
| | माछा मासु तरकारी बनाई विक्रि गर्ने | १५।- |
| ५ | **परम्परागत सिप सँग सम्बन्धित व्यवसाय** | |
| | माटा तथा ढुंगाका भाँडा वा साधन बेच्ने पसल ठूलो | १५।- |
| | माटा तथा ढुंगाका भाँडा वा साधन बेच्ने पसल ठूलो | १०।- |
| | कूचो, कुनीया नांलो बेच्ने | १०।- |
| | जडिबुटी विक्रि गर्ने, कपाल काट्नेलाई | २०।- |
| ६ | **पशुपंक्षी विक्रि सँग सम्बन्धित** | |
| | गाई, गोरु, भैसी, रागा | ६०।- |
| | खसि, बोका, भेडा | ५०।- |
| | सुँगुर बेच्नेलाई प्रतिगोटा | ४०।- |
| | हाँस, परेवा, कुखुरा बेच्नेलाई | १०।- |
| | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने | - |
| | **अन्य व्यवसायसँग सम्बन्धित कर** | |
| | चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धित | १५।- |
| | मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा, उडुस मार्ने औषधि बेच्ने | ५।- |
| | खेल, तमासा देखाउने लाई | २५।- |
| | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २५।- |
| | बाँस प्रतिढेक्टर गाडा | २५।- |
| | बाँस प्रति ट्रक र टिपर | २००।- |
| | खटियामा सामान राखी बेच्ने | ५।- |
| | फलामको औजार तथा सामान बेच्ने | १०।- |

| | | |
|---|---|---|
| | भाँडाकुडा पसल | १५।- |
| | चिया प्रति दोकान | १५।- |
| | फोटो फ्रमिङ्ग र विक्री | १०।- |
| | मर्मत (कुकर, लाईट, छाता आदी) | १०।- |

**नोट : माथि नपरेको हाटबजार व्यवसाय शुल्कको हकमा गाउपालिकाले निर्णय गरी रु १।- देखी रु ८०।-सम्म लिन सक्नेछ ।**

## अनुसूचि ९

## सवारी पार्किङ्ग शुल्क

गाउंपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा निम्नानूसार पटके पार्किङ्ग शूल्क लिने ।

| सि.नं. | सवारी साधन | दररेट |
|---|---|---|
| १ | मोटरसाइकल, स्कूटर | रू. १०।०० |
| २ | टेम्पो, अटो रिक्सा, ई–रिक्सा | रू. २०।०० |
| ३ | जिप, कार, माईक्रो | रू. ५०।०० |
| ४ | बस, टक्ष, ट्रिपर, ट्याक्टर | रू. १००।०० |
| ५ | ब्याकहो लोडर, ग्रेडर, स्काभेटर | रू. १५०।०० |

## अनुसूचि १०

## गाउँपालिकाले लगाउने सेवा शुल्क तथा दस्तुरहरु

१०.१) शुल्क तथा दस्तुर :

| सि.न. | विवरण | दस्तुर |
|---|---|---|
| १ | (क) निवेदन दर्ता दस्तुर | रू.१०।०० |
| | (ख) सरसफाई शुल्क | रू.१५।०० |
| २ | **चारकिल्ला प्रमाणित दस्तुर** | |
| | ३ रोपनी सम्मको | रू.५००।०० |
| | ३ देखि ७ रोपनी सम्मको | रू.७००।०० |
| | ७ रोपनी देखि १० रोपनी सम्म | रू.१०००।०० |
| | १० रोपनी २० रोपनी सम्म | रू.१५००।०० |
| | २० रोपनी भन्दा माथि जतिसुकै भएता पनि | रू.२५००।०० |
| | **नोट : एक रोपनी भन्दा कम जतिसुकै जग्गा भएपनि सो जग्गालाई एक रोपनी वराबरको चार किल्ला सिफारिस शुल्क लिईनेछ ।** | |
| ३ | मोही नामसारी तथा मोही वांडफांडको सिफारिस (प्रति रोपनी) | रू.३००।०० |
| ४ | मोही लगत कट्टा सिफारिस (प्रति रोपनी) | रू.१००।०० |
| ५ | जग्गा दर्ता तथा नामसारीको सिफारिस | रू.५००।०० |

| | | |
|---|---|---|
| ६ | रजिष्ट्रेशन पास भई आएको आर.सि.सि. भवनको नामसारी वापत (प्रति व.फि.) | रू.२।५० |
| ७ | रजिष्ट्रेशन पास भई आएको टिनको छानो भएको भवनको नामसारी वापत (प्रति व.फि.) | रू.१।५० |
| ८ | अन्य घरलाई | रू.३००।०० |
| ९ | जग्गाधनि प्रमाणपूर्जा प्रतिलिपी सिफारिस□ जग्गाधनि प्रमाणपुर्जा हराएको सिफारिस | रू.३००।०० |
| १० | **घरबाटो प्रमाणित दस्तुर** | |
| | ब्यापारिक क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.१५००।०० |
| | आवासीय जग्गाको (क) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.१०००।०० |
| | आवासीय जग्गाको (ख) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.६००।०० |
| | आवासीय जग्गाको (ग) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.५००।०० |
| | कृषि क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.४००।०० |
| | वन, भिरपाखा, बगर क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | रू.३००।०० |
| ११ | **घरनक्सा पास दस्तुर** | |
| | पक्की छत पिटेको १००० वर्ग फिट भन्दा माथिको भवन(प्रति वर्ग फिट) | रू.४।०० |
| | पक्की छत पिटेको १००० वर्ग फिटसम्मको भवन (प्रति वर्ग फिट) | रू.३।०० |
| | ईटाको गाह्रो, टिनको छानो भएको भवन (प्रति वर्ग फिट) | रू.१।५० |
| | काठको सेन्टर घेराबारा भएको भवन (एकमुष्ट) | रू.५००।०० |
| | **नक्सापास दस्तुर- पर्खाल** | |
| | कम्पाउण्ड वाल पर्खाल निर्माण गर्दा (प्रति रनिङ फिट) | रू.२।०० |
| | **नक्सा नापजाच शुल्क** | |
| | घरनक्सा निरीक्षण तथा सर्जमिन शुल्क | रू.५००।०० |
| | घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क | रू.५००।०० |
| १२ | नक्सा प्रमाणिकरण | रू.५००।०० |
| १३ | नक्साको प्रतिलिपी दस्तुर | रू.५००।०० |
| १४ | नक्सा संशोधन दस्तुर | रू.५००।०० |
| १५ | नक्सापासको निवेदन किताव दस्तुर | रू.५००।०० |
| १६ | घरनक्सा पासको धरौटी बापत **(घरनक्सा पास दस्तुरको ५० प्रतिशतले हुने रकम)** | |
| १७ | **घर कायम सिफारिस** | |
| | घर कायम सिफारिस आर.सि.सि. घर | रू.१५००।०० |
| | घर कायम सिफारिस पक्कीमा टिनको छाना | रू.७००।०० |
| | घर कायम कच्ची सबै प्रकारका | रू.३००।०० |
| १८ | अमिन सेवा शुल्क लेआउट तथा सिफारिस | रू५००।०० |

| | | |
|---|---|---|
| १९ | माग निवदेनका आधारमा अमिन सेवा शुल्क (एक रोपनी भन्दा वढीका लागि प्रति रोपनी थप रू.२००) | रू.५००।०० |
| २० | जग्गा प्लानिंग सिफारिस शुल्क प्रतिरोपनी (भु उपयोग योजनाको नीति अनुरूप गर्नुपर्दा) | रू.१०००।०० |
| २१ | **दण्ड जरिवाना** | |
| | विना इजाजत निर्माण कार्य गरी नक्शा पास को प्रकृयामा आएमा | |
| | क. एक चरण अगाडी को कार्यसूरू गरेमा प्रति ब.फि. | रू.१।०० |
| | ख. एक चरण अगाडीको कार्य सम्पन गरेमा प्रति ब.फि. | रू.१।५० |
| | ग. सार्वजनिक जग्गा तर्फ तोकिएको सेटब्याक तथा छज्जा नछोडेको हकमा प्रति ब.फि. | रू.५०।०० |
| | घ. गा.पा.द्धारा तोकिएको खूला क्षेत्र नछोडी निर्माण कार्य गरेमा प्रति ब.फि. | रू.७५।०० |
| २३ | **प्रमाण पूर्जा भन्दा बढी जग्गा भोगचलन गरेको तर कोही कसैको दावी बिरोध नभएकोमा :** | |
| | क. भवन निमार्ण गरेमा प्रति ब.फि. | रू.५०।०० |
| | निर्माण कार्यको लागि स्वीकृत लिई तोकिएको म्याद गुजारी निर्माण सम्पन्न प्रमाण पत्रका लागि पून: प्रकृयामा आउनेको हकमा चालू आ.व.को नक्सापास दस्तूरको ५० प्रतिशतले हूने रकम दस्तूर लिई पून: नक्सापास प्रकृयामा अगाडी बढाउने । | |
| | माथिको जरिवाना शुल्क वाहेक थप विषयमा प्रचलित कानूनले व्यवस्था गरेको जरिवानाको आधारमा गाउँपालिकाले सोही बमोजिम गर्न सक्नेछ । | |
| २४ | **आय मुल्यांकन प्रमाणित दस्तुर** | |
| | रू. ५ लाख सम्मको कारोवारमा | रू.५००।०० |
| | रू. ५ लाख माथि १० लाख सम्म | रू.७५०।०० |
| | रू. १० लाख माथि २० लाख सम्म | रू.१०००।०० |
| | रू. २० लाख माथि ५० लाख सम्म | रू.२०००।०० |
| | रू. ५० लाख माथि १ करोड सम्म | रू.४०००।०० |
| | रू. १ करोड भन्दा माथि थप रू ५० प्रति ५ लाख(पाच लाख) | |
| २५ | घरजग्गा लगायत अचल सम्पत्तिको मुल्यांकन प्रमाणित दस्तुर प्रतिलाख रू.७०।०० | |

| सि.न. | विवरण | दस्तुर |
|---|---|---|
| २६ | अंगीकृत नागरिकताको सिफारिस दस्तुर□ अंगीकृत नागरिकताको प्रतिलिपी सिफारिस दस्तुर | रू.५००।०० |
| २७ | धनीपूर्जा, नागरिकता नाम संशोधनको सिफारिस दस्तुर | रू.३००।०० |
| २८ | स्थायी बसोबास सिफारिस दस्तुर | रू.३००।०० |
| २९ | अपूतालीको सिफारिस दस्तुर | रू.५००।०० |
| ३० | नक्कल वा प्रतिलिपि दस्तुर प्रति पाना | रू.५०।०० |
| ३१ | मिलापत्र दस्तुर (दुवै थरीबाट) बक्सौनी दस्तुर | रू.३००।०० |

| | | |
|---|---|---|
| ३२ | दण्ड जरिवाना नियमानुसार | ०- |
| ३३ | विदेशका लागि गरिने पेन्सनपट्टा तथा अन्य सिफारिस | रू.७०० ।०० |
| ३४ | पेन्सनपट्टाको सन्दर्भमा स्वदेशको लागि गरिने सिफारिसमा | रू.३०० ।०० |
| ३५ | पजिंकरण लागु हुनु भन्दा अगाडिको जन्ममिति विवाहको सिफारिस | रू.५०० ।०० |
| ३६ | नाम, उमेर, जन्ममितिको साधारण सिफारिस,<br>कुनै व्यक्तिको नामथर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | रू.३०० ।००<br>रू.५०० ।०० |
| ३७ | संस्थागत अनुरोधमा व्यक्ति बिशेषलाई गरिएको किटानी सिफारिस | रू.३०० ।०० |
| ३८ | हकभोग तथा जोतभोगको सिफारिस दस्तुर (थप प्रति रोपनी थप १००।) | रू.३०० ।०० |
| ३९ | नम्बरी तथा छुट दर्ता सम्वन्धी सिफारिसमा (थप प्रति रोपनी थप ३००।) | रू.५०० ।०० |
| ४० | बिद्युत, टेलिफोन र खानेपानी जडानका लागि गरिने सिफारिसमा | रू.५०० ।०० |
| ४१ | बैदेशिक रोजगारका लागि गरिने सिफारिस दस्तुर | रू.५०० ।०० |
| ४२ | गाउंपालिकाको तथ्यांक कार्डको (प्रति पाना) | रू.१०० ।०० |
| ४३ | नाता प्रमाणित सिफारिस | रू.६०० ।०० |
| ४४ | निजी स्तरको कलेज स्वीकृतिको लागि सिफारिसमा | रू.७००० ।०० |
| ४५ | निजी उच्च मा.बि. तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | रू.५००० ।०० |
| ४६ | निजी स्तरका मा.बि. तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | रू.३००० ।०० |
| ४७ | निजी स्तरको नि.मा.बि. तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | रू.२००० ।०० |
| ४८ | निजी स्तरका प्रा.बि. तथा सो मुनीका तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | रू.१५०० ।०० |
| ४९ | निजी स्तरका विद्यालयको कक्षा थपको सिफारिस दस्तुर,<br>विद्यालय सम्बन्धि अन्य सिफारिस | रू.१५०० ।००<br>रू.५०० ।०० |
| ५० | पारिवारिक लगत (जनसंख्या) कार्ड नविकरण दस्तुर | रू.५० ।०० |
| ५१ | मजदुर परिचय पत्र दस्तुर | रू.५० ।०० |
| ५२ | सर्जमिन मुचुल्का सिफारिसमा | रू.३०० ।०० |
| ५३ | चारित्रिक सिफारिसमा | रू.५०० ।०० |
| ५४ | तीन पुस्ते खुल्ने सिफारिस | रू.३०० ।०० |
| ५५ | अन्य सामान्य सिफारिसमा | रू.३०० ।०० |
| ५६ | गाउंपालिकाको सभाहलको हलभाडा शुल्क (प्रति दिन□प्रति कार्यक्रम) | रू.१००० ।०० |
| ५७ | गाउंपालिकाको प्रोजेक्टर प्रयोग गरे बापत (प्रति दिन□प्रति कार्यक्रम) | रू.५०० ।०० |

| | | |
|---|---|---|
| ५८ | गाउंपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन सहित), <br>गाउंपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन बाहेक), <br>सरकारी निकाय (गाउँपालिका र वडा कार्यालय बाहेक)द्धारा सार्वजनिक कार्यका लागि गाउंपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन सहित), <br>सरकारी निकाय (गाउंपालिका र वडा कार्यालय बाहेक)द्धारा सार्वजनिक कार्यका लागि गाउंपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन बाहेक), | रू.२६००।०० <br>रू.१४००।०० <br>रू.२४००।०० <br>रू.१२००।०० |
| ५९ | गाउंपालिकाको ट्र्याक्टर भाडामा प्रयोग गरे बापत दैनिक ईन्धन चालक र सहचालक बाहेक | रू.१५००।०० |
| ६० | गाउंपालिकामा स्काभेटर प्रवेश गरी गाउंपालिका भित्र जुनसुकै प्रकारको कार्यगर्न प्रयोग भएमा गाउंपालिकाले स्काभेटर भए प्रतिघण्टा रू. ५०। को दरले र ब्याकहो लोडर भए प्रतिघण्टा रू.३० को दरले सेवा शुल्क लिनेछ । | |
| ६१ | अग्रेजी भाषावाट गरिने जन्म, मृत्यू, विवाह, नाता, प्रमाणित र अन्य सिफारिस | रू.५००।०० |
| ६२ | कृषि तथा अन्य प्रसार समूह दर्ता प्रमाणपत्र शुल्क रू. | रू.५००।०० |
| ६३ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क, <br>व्यक्तिगत घटना दर्ता नक्कल□प्रतिलिपि शुल्क | रू.२००।०० <br>रू.५००।०० |
| ६४ | लेनदेन रकमको कागज प्रमाणित दस्तुर <br>(लेनदेन गर्ने दुवै पक्ष उपस्थित भएको अवस्थामा दुवै जनाको व्यक्तीगत पहिचान खुल्ने प्रमाण पत्र पेश गरेर कागजातमा दुवै पक्षले रोहबरमा दस्तखत र ल्याप्चे गरे पश्चात प्रमाणित गर्नु पर्दछ।) | रू. ५००।०० |
| ६५ | लब्धा□ पत्रको प्रतिलिपी | रू.३००।०० |
| ६६ | संघ संस्थालाई गरिने सामान्य सिफारिसमा | रू.३००।०० |
| ६७ | माथि उल्लेख नभएका सामान्य सिफारिसमा | रू.५००।०० |

**१०.२) स्वास्थ्य प्रयोगशाला सेवा शुल्क :**

| **क्र.स.** | **प्रदान गरिने सेवा** | **शुल्क** | **क्र.स.** | **प्रदान गरिने सेवा** | **शुल्क** |
|---|---|---|---|---|---|
| १ | Sputum (AFB Stain) | ० | १९ | RA Factor | २५० |
| २ | Blood Sugar Fasting (F) | ६० | २० | Occult Blood | १०० |
| ३ | Blood Sugar (PP) | ६० | २१ | Urine R/E | ३० |
| ४ | Blood Sugar (R) | ६० | २२ | Stool R/E | ३० |
| ५ | Blood Urea | १०० | २३ | HB Sag | २५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | Albumin | ८० | २४ | Mantoux Test | १२५ |
| ७ | RFT (Ur-Cr) | २५० | २५ | Widal Test | १५० |
| ८ | Serum Uric Acid | १२५ | २६ | HCV | १५० |
| ९ | CBC | २५० | २७ | S.Bilirubin T | २५० |
| १० | BT (Bleeding Time) | ५० | २८ | S.Bilirubin D | १५० |
| ११ | CT (Cloting TIme) | ५० | २९ | Lipied Profile | ६०० |
| १२ | DLC | २५ | ३० | T. Cholesterol | १५० |
| १३ | TLC | २५ | ३१ | Triglyceride | १५० |
| १४ | Hb (Haemoglobin) | २५ | ३२ | HDL Cholesterol | १५० |
| १५ | PCV | ५० | ३३ | LDL Cholesterol | १५० |
| १६ | Blood Grouping | ६० | ३४ | T Protein | १२५ |
| १७ | UPT | १०० | ३५ | Urea | १०० |
| १८ | Asotrite | २५० | ३६ | Creatinine | १५० |

**१०.३) फाराम□कार्ड दस्तुर र अन्य दस्तुरको दर :**

| सि.न. | विवरण | स्वीकृत रकम रू. |
|---|---|---|
| १ | नागरिकताको सिफारिस दस्तुर□ प्रतिलिपी सिफारिस दस्तुर | रू.३००।०० |
| | (क) निवेदन दर्ता दस्तुर | रू.१०।०० |
| | (ख) सरसफाई शुल्क | रू.१५।०० |
| २ | सबै प्रकारका निवेदन फाराम दस्तुर | रू.१०।०० |
| ३ | सामान्य प्रकृतिका कार्ड र फाराम दस्तुर | रू.२५।०० |
| ४ | व्यवसाय प्रमाण पत्र नया कार्ड दस्तुर | रू.३००।०० |
| ५ | व्यवसाय नवीकरण कार्डको प्रतिलिपी दस्तुर | रू.७५।०० |
| ६ | जनसहभागिता मुलक योजना माग दरखास्त फाराम | रू.१५।०० |
| ७ | सम्पत्ति कर तथा भूमिकरको निवदेन फाराम दस्तु | रू.१५।०० |
| ८ | चार चक्के गाडीको ब्लुक बुक कार्ड सिफारीस दस्तुर | रू.३२५।०० |
| ९ | धरौटी फिर्ताको निवेदन माग फाराम | रू.१०।- |
| १० | साना तथा घरेलु उद्योग दर्ता सिफारिस | रू.१०००।०० |
| ११ | मझौला उद्योग दर्ता सिफारिस | रू.२५००।०० |
| १२ | ठूला उद्योग दर्ता सिफारिस | रू.३५००।०० |
| १३ | संघसंस्था सिफारिस | रू.५००।०० |
| १४ | खयर□ सखुवा रूख काटने सिफारिस प्रति रूख,<br>अन्य रूख काटने सिफारिस प्रति रूख, | रू.१००।००<br>रू.५०।०० |
| १५ | **काठ, दाउरा सम्बन्धी ढुवानी तथा अन्य सिफारिस** | |
| | दाउरा सिफारिस (प्रति ट्याक्टर) | रू.५००।०० |
| | दाउरा सिफारिस (प्रति ट्रक) | रू.१५००।०० |
| | गोलीया काठ सखुवा (प्रति क्यू.फिट) | रू.१५।०० |

| | | |
|---|---|---|
| | गोलीया काठ अन्य (क्यू.फिट) | रू.१।०० |
| १६ | बिरामी पुर्जा कार्ड | रू.१०।०० |
| १७ | माथि उल्लेखित सिफारिसमा नपरेका अन्य सिफारिसमा | रू.५००।०० |

## १०.४) अन्य शुल्क तथा दस्तुर :

**(क) विद्युत टेलिफोन पोल कर :** नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको पोललाई गाउपालिका क्षेत्रभित्र केन्द्रिय प्रशारण लाईनलाई बार्षिक प्रति पोल रु .१५००।- र स्थानीय प्रशारण लाईन लाई बार्षिक रु.५००।- लिईनेछ ।

**(ख) टेलिफोनको टावर :** यस गाउपालिकामा कुनै ब्यक्तिको जग्गा वा घर वा अन्य जग्गा वा घरमा राखिएका एवं जडान भएका टेलिफोन टावरहरुलाई बार्षिक रु. ५०००।- गाउपालिका शुल्क लिईनेछ ।

**(ग)** गाउपालिका भित्र प्राकृतिक श्रोत साधनको प्रयोग गर्दा गाउपालिकाको पूर्व अनुमाति लिई कर शुल्क बुझाई मात्र प्रयोग गर्न दिईनेछ । प्राकृतिक श्रोत र साधनको उपयोगमा कर, शुल्क दस्तुर निर्धारण गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

**(घ)** गाउँपालिकाको पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागि गाउँपालिका भित्र प्रवेश गर्ने निर्माणका साधन स्काभेटर, व्याकहो लोडर साथै अन्य सवारी साधनलाई एक (१) पटकको लागि निम्न शूल्क लिईनेछ :

१.स्काभेटर रु.७०००।-
२.व्याकहो लोडर रु.५०००।-
३.निजी वा भाडाका ट्रक, ट्रयाक्टर बस, लहरी रू.२०।-
४.निजी वा भाडाका मिनि बस, मिनि ट्रक, मिनि ट्रयाक्टर रू.१०।-
५.निजी वा भाडाका जीप, कार, ल्याण्डरोभर, टेम्पो रू.५।-
६.विदेशी नम्वर भएका बस, ट्रक, लहरी रू.१००।-
७.विदेशी नम्वर भएका भेन, जीप, कार ट्याक्सी रू.५०।-

**(ङ) सहिदभूमि गाउँपालिकाको ऐन, नियमावलि तथा कार्यविधिहरुमा व्यवस्था भए अनुसार :-**

**१. परीक्षा शुल्क**

- श्रेणी विहीन (कार्यालय सहयोगि) परीक्षा शुल्क रु ४००।-
- राजपत्र अनङ्कित प्रथम र द्धितीय श्रेणी वा सो सरह परीक्षा शुल्क रु ७००।-
- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह परीक्षा शुल्क रु १०००।-

**२. न्यायिक समिति (कार्यसम्बन्धि) ऐन बमोजिमका दस्तुर**

- उजुरी दर्ता दस्तुर रु १००।-
- प्रतिवाद दस्तुर रु १००।-
- नक्कल दस्तुर रु ५।- (सक्कलको प्रति पृष्ठ)
- मिलापत्र दस्तुर रु ३००।-

**३. संस्था दर्ता :**

- ऐन, नियमावली भन्दा अगाडि सञ्चालनमा रहेका संस्थालाई दर्ता शुल्क रु ५००।-
- ऐन, नियमावली बमोजिम दर्ता हुने संस्थालाई दर्ता शुल्क रु १०००।-
- आ.व. समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरेमा नविकरण दस्तुर रु ५००।-

- पुन: ३ महिना पछि नविकरण गरेमा थप नविकरण दस्तुर रु १००।-
- आषाढ मसान्त सम्म थप नविकरण दस्तुर रु ३५०।-
- एक (१) आ.व. भित्र नविकरण नगरेमा प्रत्येक आ.व. नविकरण दस्तुर रु ५०० र प्रत्येक आ.व. थप जरिवाना रु १०००।-
- अग्रिम रुपमा ५ बर्षका लागि नविकरण गर्ने भएमा प्रति आ.व. नविकरण दस्तुर रु ५००।- का दरले अग्रिम नविकरण दस्तुर रु २५००।-

**४. जलस्रोत उपयोगको अनुमति :**

- खानेपानी र घरेलु उपयोग वापत रु ५००।-
- सिंचाई उपयोग वापत रु ५००।-
- पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग वापत रु ५००।-
- घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग वापत रु ५००।-
- जल यातायात वापत रु २५००।-
- आमोद प्रमोदजन्य उपयोग वापत रु २५००।-
- लघु जलविद्युत उपयोग वापत रु ५०००।-
- व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भुमिगत उपयोग वापत व्यक्तिगत रु २५००।- र व्यापारिक रु १००००।-
- अन्य उपयोग रु ५००।-

**सिंचाईको हकमा बार्षिक शुल्क**

- १०० रोपनी सम्मको जमिनमा सिंचाई वापत रु ५००।-
- १०० देखि २०० रोपनी सम्मको जमिनमा सिंचाई वापत रु १०००।-
- २०० देखि ३०० रोपनी सम्मको जमिनमा सिंचाई वापत रु १५००।-
- ३०० देखि ४०० रोपनी सम्मको जमिनमा सिंचाई वापत रु २०००।-
- ४०० देखि ५०० रोपनी सम्मको जमिनमा सिंचाई वापत रु २५००।-
- ५०० रोपनी भन्दा माथिको जमिनमा सिंचाई वापत रु ३५००।-

**खानेपानीको हकमा बार्षिक शुल्क**

- खानेपानी वितरण गर्ने सस्थाबाट मिटर जडान भएकोमा प्रतिधारा/ मिटर जडान नभएकोमा प्रति घरधुरी रु १०।-
- घरेलु उद्योगमा पानीको मुल प्रयोग गरेवापत रु १०००।-
- औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग गरेवापत रु १००००।-
- आमोद प्रमोदजन्य प्रयोग गरेवापत रु १००००।-
- व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भुमिगत उपयोग वापत व्यक्तिगत रु २५००।- र व्यापारिक रु १००००।-
- अन्य उपयोग रु ५००।- देखि रु ५०००।- सम्म

**१०.४) विभिन्न आय ठेक्काको आ.व. २०८१/०८२ को लागि न्यूनतम ठेक्का अंकको विवरण :**

| **क्र.स.** | **ठेक्काको नाम** | **न्यूनतम अंक बार्षिक** |
|---|---|---|
| १ | थलथले बुधबारे हटिया, स.गा.पा-६ | ७५०००।- |
| २ | पञ्चकन्या बुधबारे हटिया, स.गा.पा-३ | ३००००।- |
| ३ | वडा नं. १ अन्तर्गत घंघरु, पोखरे र त्रिवेणी पशुहाट कर | ४००००।- |
| ४ | विज्ञापन कर संकलन (सहिदभूमि गाउँपालिका क्षेत्र भित्र) | १५०००।- |
| **क्र.स.** | **ठेक्काको नाम** | **न्यूनतम अंक मासिक** |
| ५ | पञ्चकन्या बजारको सहिदपार्क मूनिको दुई वटा सटर (एकमुष्ठ) | ३०००।- |
| ६ | पञ्चकन्या स्थित महिला सामुदायिक भवनको २ कोठा भवन ( एकमुष्ठ) | २५००।- |

(साप्ताहिक हाटबजारमा रहेका व्यापारिक सेट तथा सर्टरहरुको भाडा स्थानीय बजार दर तथा व्यवसायिहरुको सहमती समेतको आधारमा ठेकेदारले निर्धारण गरि लागू गर्ने ।)

**पुनश्च :** यस ऐनमा उल्लेख भएका विषय र कर दस्तुरको दररेटमा संघीय सरकार र प्रदेश सरकारसँग बाझिएमा बाझिएको जति संघीय सरकार र प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

आज्ञाले :
नविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

# सहिदभूमि गाउँपालिकाको विनियोजन ऐन, २०८१

(गाउँ सभाबाट पारित मिति : २०८१/०३/१३ गते बिहिबार)

**प्रस्तावना:**

सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सहिदभूमि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम "सहिदभूमि गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८१/८२ को निमित्त सहिदभूमि गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु तर्फ रु ३३ करोड ४४ लाख ८१ हजार ७८० रुपैयाँ अर्थात कुल विनियोजनको ६८.०२ प्रतिशत तथा पूँजिगत तर्फ रु.१५ करोड ६४ लाख ४९ हजार २२० रुपैयाँ अर्थात कुल विनियोजनको ३१.९८ प्रतिशत गरी कुल रु ४८ करोड ९२ लाख ३१ हजार रुपैंयामा नघटाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को लागि सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्य कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन बनाउन सक्ने**:(१) यस ऐनको कार्यान्वयन गर्न सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधी, मापदण्ड वा मार्गदर्शन स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५. **आवश्यक व्यवस्था गर्न सक्ने**:(१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा सहिभूमि गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

## उद्देश्य र कारण

आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धी अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।प्रस्तुत विधेयकले सहिदभूमि गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेकोछ।

(श्री रत्नश्वरी राई)
उपाध्यक्ष

| अनुसूची-१ | | |
|---|---|---|
| **क.आयको प्रक्षेपण** | | |
| क्र.सं. | शिर्षक | आ.व. २०८०/०८१ को अनुमानित |
| १ | आन्तरिक राजस्वः | ७,०००,००० |
| २ | राजस्व बाँडफाँडः | ८३,६११,००० |
| २.१ | केन्द्र सरकारबाट प्राप्त राजश्व बाँडफाड | ८१,१००,००० |
| २.२ | घरजग्गा रजिस्ट्रेशन दस्तुर | ४५०,००० |
| २.३ | वन रोयल्टी | १५०,००० |
| २.४ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी करको बाँडफाड | २,५११,००० |
| ३ | अन्य आय | |
| ३.१ | गतवर्षको नगद मौज्दात | ४२७५०००० |
| ३.५ | सडक बोर्ड | २,०००,००० |
| ४ | अन्तर सरकारी वित्तीय हस्तान्तरणः | |
| ४.१ | नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | |
| ४.१.१ | वित्तीय समानीकरण अनुदान | ८५,१००,००० |
| ४.१.२ | सशर्त अनुदान, चालु | १९९,१४७,००० |
| ४.१.३ | सशर्त अनुदान, पुजीगत | २३,६००,००० |
| ४.१.४ | विशेष अनुदान पूँजीगत | ९,५००,००० |
| ४.१.५ | समपूरक अनुदान | ११,०००,००० |
| ४.२ | प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण | |
| ४.२.१ | वित्तीय समानीकरण अनुदान | ५,०७३,००० |
| ४.२.२ | सशर्त अनुदान | १०,०९४,००० |
| ४.२.३ | समपूरक अनुदान | ९,७५०,००० |
| कुल जम्मा आय | | ४८९,२२५,००० |

| ख.व्ययको अनुमान | | |
|---|---|---|
| क्र.सं. | शिर्षक | आ.व. २०८१/८२ को अनुमानित |
| १ | चालु तथा प्रशासनिक खर्च | ७१,०००,००० |
| २ | समपुरक कोष | १६,२५०,००० |
| ३ | आकाष्मिक व्यवस्थापन कोष | ५००,००० |
| ४ | साझेदारी बजेट | |
| ४.१ | ह्युमन प्रक्टिस साझेदारी | ७,७७०,००० |
| ४.२ | SIP परियोजना साझेदारी | २,८७८,००० |
| ४.३ | अपाङ्गता पुनर्स्थापना साझेदारी | १,६१८,१६९ |
| ५.४ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | १,२००,००० |
| | अन्य भौतिक पुर्वाधार  साझेदारी | ५००,००० |
| ६ | कर्मचारी कल्याणकारी कोष | १,९००,००० |
| ७ | मर्मत संभार कोष | २००,००० |
| ९ | कृषि विकास शाखा | ३,७००,००० |
| १० | पशु विकास शाखा | ३,७००,००० |
| ११ | शिक्षा, युवा तथा खेलकुद शाखा | १६,२५०,००० |
| १२ | स्वास्थ्य शाखा | ४,५००,००० |
| १३ | आयुर्वेद शाखा | ५००,००० |
| १४ | सहकारी शाखा | ४००,००० |
| १५ | न्यायिक समिति | १,०००,००० |
| १६ | वडा स्तरीय योजना | १६,५०४,४९१ |
| १७ | पालिका स्तरीय योजना | |

| | | |
|---|---|---|
